विद्युतीय सवारी साधन प्रयोग वृद्धि गर्ने ... पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २५ • अंक ३१२ • २०८० साल चैत्र २८ गते बुधबार (10 April, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## फिर्ता हुन थाले सुराकी भत्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा गृहमन्त्री, राज्यमन्त्री र सचिवले बुझेका सुराकी भत्ता फिर्ता गर्न थालेका छन् । पूर्व गृह, सूचना तथा कानुनमन्त्री समिम मियाँ अन्सारीले सुराकी वापत बुझेको रकम मन्त्रालयको खातामा फिर्ता गरेका छन् ।

पूर्व मन्त्री अन्सारीले राष्ट्रिय वाणिज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यालयको सुराकी खातामा मंगलबार रकम फिर्ता गरेका छन् । मन्त्रालयबाट उनको निजी खातामा सुराकी वापतको रकम ८ लाख ७७ हजार ५ सय रुपैयाँ पठाइएको थियो ।

मन्त्री पदबाट मुक्त हुनुभन्दा तीन अगाडि मात्र उनको खातामा रकम गएको बताइएको छ । 'म पदबाट मुक्त भए पछि मात्रै मेरो खातामा मन्त्रालयबाट रकम पठाइएको हो' पूर्व मन्त्री अन्सारीले भने, त्यो रकम मन्त्रालयलाई मैले फिर्ता गरेको छु ।

मधेश प्रदेश बाहेकका प्रदेशमा सुराकी वापतको रकम कुनै मन्त्रीले लिएका छैनन् । तर मधेश प्रदेशमा सुराकीको नाममा झण्डै पौने २ करोड रुपैयाँ मन्त्री, राज्यमन्त्री र सचिवले बुझेका छन् ।

आफ्नो प्रहरी समेत नभएको अवस्थामा मन्त्री र सचिवहरुले नै पौने २ करोड रुपैयाँ बुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन सुरु गरेको छ ।


गृह मन्त्रालयको जिम्मेवारी पाएको बखत मुख्यमन्त्री सरोज कुमार यादवको खातामा समेत सुराकी वापतको ३ लाख रुपैयाँ पुगेको थियो । तर मुख्यमन्त्री यादवले सो रकम फिर्ता गरेका थिए । मुख्यमन्त्री यादवको सचिवालयका अनुसार उनले रकम फिर्ता गरेको धेरै दिन भइसकेको बताएका छन् ।

सुराकी वापतको सर्वाधिक रकम बुझ्नेमा जनता समाजवादी पार्टी(जसपा) नेपालबाट लामो समय गृह, सञ्चार तथा कानुन मन्त्री रहेका ज्ञानेन्द्र कुमार यादवले ५४ लाख बढी रकम बुझेका छन् । उनी मन्त्री भएकै बेला सुराकी सम्बन्धी कार्यविधि बनाएर मन्त्री, राज्यमन्त्री र सचिवले सुराकी भत्ता लिन सुरु गरेका थिए ।

### नेशनल मेडिकल कलेजका एमडी छुटाउन प्रदर्शन

## अनुसन्धानका लागि २ दिन थुनामा राख्न म्याद थप, बिरामीको बहानामा अस्पताल भर्ना





**अनिल तिवारी**

वीरगञ्ज । नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक (एमडी) शाहनवाज अन्सारी र ल्याब प्रमुख सञ्जय साहलाई बिनाशर्त रिहाइको माग गर्दै जिल्ला प्रहरी कार्यालय पर्सा अगाडि मंगलबार प्रदर्शन गरिएको छ ।

मेडिकल कलेजको प्रयोगशाला(ल्याब)मा म्याद गुज्रेका (डेट एक्सपायर) केमिकल प्रयोग गरेको अभियोगमा सोमबार पक्राउ परेका अन्सारी र साहलाई रिहा गर्नुपर्ने माग गर्दै कलेजका स्वास्थ्यकर्मी र कर्मचारीहरुले प्रदर्शन गरेका छन् ।

पक्राउ परेका अन्सारी छातीमा समस्या भएको बताउँदै वीरगञ्जस्थित हेल्थकेयरको ५ नम्बर डिलक्स कोठा (केबिन)मा आराम गरिरहेका छन् । पक्राउ परे लगतै छाती दुखेको बताए पछि अन्सारीलाई नारायणी क्षेत्रीय अस्पतालमा उपचारका लागि लगिएको थियो । तर नारायणी अस्पतालले अन्सारीको उपचारका लागि रेफर गरेपछि हेल्थकेयरको डिलक्स केबिनमा राखिएको छ ।

प्रहरी स्रोतका अनुसार छाती दुखेको बताउँदै शाहनवाजले आफूलाई आफ्नै नेशनल मेडिकल कलेजमा लग्न आग्रह गरेका थिए । तर, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कुमोद ढुंगेलले अस्वीकार गरेपछि उनलाई प्रहरी टोलीले नारायणी अस्पतालको इमरजेन्सी सेवामा लगेको थियो । नारायणीमा खटिएका चिकित्सकले आइसियूमा भर्ना गर्नु पर्ने सुझाव दिएपछि परिवारको जोडबलमा गन्डकचोक स्थित हेल्थकेयर अस्पतालमा भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

पक्राउ परेका साहनवाजले छाती दुखेको बताएपछि आइसियूमा भर्ना गर्न रेफर गरेको नारायणी अस्पतालका चिकित्सक राजीव यादवले बताएका छन् । 'विरामीको ब्लड प्रेसर बढेको छ, उनले छाती दुखेको भनेपछि रिक्स लिने कुरा हुँदै भएन ' उनले भने, हामीसंग सुविधा सम्पन्न आइसियू खाली नभएकोले बाहिर लैजान रेफर गरिएको हो ।'

नारायणी अस्पतालको रेफरको आधारमा प्रहरी रेखदेखमा अन्सारीलाई सुविधा सम्पन्न अस्पतालमा भर्ना गरिएको पर्साका प्रहरी उपरीक्षक ढुंगेलले बताए । कानुनले दिएको प्रावधान अन्तर्गत सरकारी अस्पतालको रेफरको आधारमा अभियुक्तलाई थप उपचारको लागि अर्को अस्पतालमा पठाइएको उनले बताए ।

बीरगञ्ज हेल्थकेयरका सञ्चालक अबुलैस अन्सारीले नारायणी अस्पतालले आइसियूमा भर्ना गर्नुपर्ने जरुरी रहेको रेफरको आधारमा भर्ना गरिएको प्रतिक्रिया दिए । छाती दुखि रहेको बताएका अन्सारी मंगलबार दिनभरी अस्पतालको डिलक्स क्याबिनमा मोबाइल खेलाउनमा व्यस्त रहेको अस्पतालको एक कर्मचारीले बताए । प्रबन्ध निर्देशक अन्सारीको उपचार थुनुवा छल्न कानुनले दिएका प्रक्रियागत दुरुपयोग मात्रै भएको प्रहरी अधिकारीहरु बताउँछन् ।

प्रहरीले थप अनुसन्धानका लागि पर्सा जिल्ला अदालतबाट २ दिनको म्याद थप गरेको छ । ल्याबमा म्याद गुज्रेको केमिकल फेला परेको यथार्थलाई कलेजले पनि स्वीकार गरेको छ । तर त्यो सामान्य अवस्था रहेको कलेजले दाबी गरेको छ ।

पर्सा प्रहरीले मन्त्रालयको आदेश अनुसार जिल्ला प्रहरी कार्यालयबाट मुद्दा चलाउन लागेपछि डाक्टर जैनुद्दिन अन्सारी आरपारको लडाइमा ओर्लेका छन् ।

नेशनल मेडिकल कलेजले जारी गरेको विज्ञप्तिमा प्रबन्ध निर्देशक अन्सारी र ल्याब प्रमुख साहलाई पक्राउ गर्नु पूर्वाग्रह भएको उल्लेख गरिएको छ । 'म्याद गुज्रेको केमिकलहरु ल्यावमा हुनु अनौठो होइन' विज्ञप्तिमा भनिएको छ ,'म्याद गुज्रेको केमिकललाई क्रमिक रुपमा नष्ट गरिने प्रक्रिया हो । म्याद गुज्रेको केमिकल राख्दा मेसिनले काम नगर्ने दाबी कलेजको रहेको छ ।

गत माघ महिनामा अस्पतालको सञ्चालकबाट हटाइएको आक्रोश बसरुद्दिन अन्सारीले कलेजको ल्याबमा छापामारी गराएर पोखेको बताइन्छ ।

बसरुद्दिन अन्सारी प्रबन्ध निर्देशक रहेकै बेलादेखि ल्याबमा म्याद गुज्रेका केमिकलहरु रहेको र त्यसलाई सुरक्षित रुपमा विसर्जन नगरेको जानकारी भएरै वीरगञ्ज महानगरपालिकाको उपमेयरलाई भनसुन गरी छापामारी गराइएको आरोप लगाइएको छ । बसरुद्दिन अन्सारीलाई अस्पतालको प्रबन्ध निर्देशकबाट हटाएर सहाबुद्दिन अन्सारीलाई एमडी बनाइएको छ ।







## भ्रष्टाचार अभियोगमा मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कालिकोटको साविक थिर्पु गाविसमा सञ्चालित थोपा सिँचाइ कार्यक्रममा भ्रष्टाचार गरेको अभियोगमा पलाता गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहितका अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले पलाता गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद कुस्मा र सव इन्जिनीयर माधवकुमार काफ्लेविरुद्ध रु १३ लाख ७४ हजार नौ सय ९१ बराबरको बिगो दाबी गरिएको छ । पलाता गाउँपालिकाका तत्कालीन उपाध्यक्ष दाना न्यौपाने, वडा नं ८ का तत्कालीन वडाध्यक्ष पटकबहादुर बम र वडा सचिव जानकीकुमारी शाही विरुद्ध पनि समान बिगो दाबी गरिएको छ । मूलखोला थोपा सिँचाइ उपभोक्ता समितिका अध्यक्ष मनराज शाही, सचिव लोकेन्द्र बम र कोषाध्यक्ष मोतिसुरा रोकाय विरुद्ध पनि बिगो बमोजिम समान बिगो माग दाबी गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

आयोगले मंगलबारै कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका तत्कालीन निमित्त कार्यालय प्रमुख निलकण्ठ पोखरेल, पकवादी सहकारी संस्थाका अध्यक्ष हरिलाल खनालसहित आठजना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । उनीहरुलाई कृषि निर्देशनालय गण्डकी प्रदेशबाट प्राप्त अनुदान रकममा भ्रष्टाचार गरेको अभियोग लागेको छ ।

आयोगले निमित्त कार्यालय प्रमुख खनालविरुद्ध रु २८ लाख, ३७ हजार दुई सय १७ बराबरको बिगो दाबी गरेको छ । कृषि इन्जिनीयर विश्वनाथ पौडेल, कृषि विकास अर्थविज्ञ भानुभक्त भट्टराई, पकवादी सहकारी संस्थाका अध्यक्ष हरिलाल खनाल, उपाध्यक्ष हेमा पौडेल तिमिल्सिना, सचिव परशुराम खनाल, कोषाध्यक्ष उमा श्रेष्ठ र गल्याङ नगरपालिका-३ श्रीप्रसाद श्रेष्ठविरुद्ध पनि रु २८ लाख ३७ हजार दुई सय १७ बराबरको बिगो दाबी गरिएको छ । आरोपीलाई कैद सजायको माग गरिएको आयोगका प्रवक्ता घिमिरेले जानकारी दिनुभयो ।रासस

## आठ करोड लागतमा ड्रेन निमार्ण हुने




**टुडे समाचारदाता**

सिरहा । सिरहाको लहान नगरपालिकाले लहानको खुल्ला नहरमा ड्रेन निर्माण गर्ने भएको छ । मंगलबार एक समारोहबीच नगर प्रमुख महेशप्रसाद चौधरीले आठ करोड ५८ लाख लागतमा ड्रेन निर्माण योजनाको शिलान्यास गरेका छन् ।

नगर प्रमुख चौधरीले लहान बजार सुन्दर बनाउने नगरको योजना बमोजिम ड्रेन निर्माण गर्न चैत १९ गते निर्माण कम्पनीसँग सम्झौता भएको बताए । उनले खुल्ला नहरले बजारक्षेत्र कुरुप बनाएको र नहर व्यवस्थित नहुँदा बालबालिका र वृद्धवृद्धालाई आवतजावतमा जोखिम रहेको बताउदै वर्षायाममा नजिकका घर जलमग्न हुने गरेकोले सुन्दर लहान बनाउने परिकल्पना स्वरुप ड्रेन निमार्णको योजना ल्याइएको बताए । ड्रेन निर्माणपछि नहरको दाँयाबाँया सडक र किनारमा बगैँचासमेत निर्माण हुने उनले जानकारि दिए ।

लहान बजारको उत्तरतर्फ वडा नं १०, ६, ७, ८ को ग्रामीण चोक हुँदै मारवाडी टोल, घण्टाघर, हुलाक चोक हुँदै दक्षिणतर्फ बहने दुई किलोमिटर लम्बाईको नहरमा ड्रेन बन्ने वडा न. ७ का अध्यक्ष राम अवतार शर्माले जानकारी दिएका छन् । उनका अनुसार ड्रेन निर्माणको ठेक्का सुलभ गुम्दा, पिपी जेभी कम्पनीले लिएको छ ।

व्यवस्थित पक्की ड्रेन निर्माणले दुर्घटनाको जोखिम न्यूनीकरणका साथै लामखुट्टे आतङ्क नियन्त्रणमा सहयोग पुग्ने नगरपालिकाका सरसरफाइ संयोजक तथा वडा नं ८ का अध्यक्ष श्याम शाहले बताए । योजना एक वर्षभित्र पूरा हुने नगरपालिकाले जनाएको छ ।

## विद्युतीय सवारी साधन प्रयोग वृद्धि गर्ने गृहकार्य हुदै : उपप्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पेट्रोलीयम पदार्थबाट संचालन भइरहेको सवारी साधनले अनावश्यक खर्च निरुत्साहित गर्न विद्युतीय सवारीसाधनको प्रयोग वृद्धि गर्ने गरी गृहकार्य भइरहेको बताएका छन् ।

साझा यातायातले विद्युतीय सवार ीसाधनका लागि सञ्चालनमा ल्याएको ‘ चार्जिङ स्टेसन’को शुभारम्भ गर्दै उनले पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न विद्युतीय सवारीसाधन सञ्चालन गर्नुपर्नेमा जोड दिएका हुन् । करिब चार वर्ष अगाडि आफू मन्त्री हुँदा साझा यातायातलाई विद्युतीय बसको पूर्वाधार तथा सञ्चालनका लागि रु तीन अर्ब निकासा गरेको गर्दै मन्त्री महासेठले पछिल्लो समय कार्यसम्पादनमा ढिलासुस्ती भएको बताए ।

भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारीले सहकारी ऐनअन्तर्गत रहेको साझा यातायातले विद्युतीय सवारीसाधन सञ्चालन गर्न लागेकामा खुसी व्यक्त गर्दै आवश्यक



सहयोगको प्रतिबद्धता व्यक्त गरे ।ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले आफ्नो क्षेत्रमा विद्युतीय बस सञ्चालनका लागि साझा यातायातसँग सहकार्यका साथै लगानी वृद्धि गर्ने जानकारी दिए ।

नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी कुलमान घिसिङले प्राविधरणले निर्माण गरेको करिब चार सय चार्जिङ स्टेशनबाट रु दुई करोडको विद्युत् खपत हुने गरेको जानकारी दिए । साझा यातायातका अध्यक्ष कनकमणि दीक्षितले संस्थाको बिजुली बस थप्ने कार्य योजना तथा प्रगतिको जानकारी दिँदै उक्त स्थलमा १.१ मेगावाट विद्युत् खपत हुने २४ चार्जिङ पोइन्ट निर्माण गरिएको बताउनुभयो । देशभर एक हजारभन्दा बढी विद्युतीय सवारी साधन सञ्चालनमा छन् ।

## एपीएफ सेमी फाइनलमा प्रवेश

**टुडे समाचारदाता**

सिमरा । सशस्त्र प्रहरीको नेपाल एपीएफ क्लब सिमरामा जारी जगदम्बा स्टिल १४ औं जीतपुरसिमरा गोल्डकपको सेमी फाइनलमा प्रवेश गरको छ ।

सिमरा रंगशालामा सोमबार राति भएको दोश्रो क्वाटरफाइनलमा मकवानपुर ११ हेटौँडालाई २-० गोल अन्तरले पराजित गर्दै एपीएफले अन्तिम चारको यात्रा तय गरेको छ । एपीएफको जीतमा विके तामाङ र प्रदीप लामाले एक-एक गोल गरे ।

हेटौँडाविरुद्ध सुरुदेखि नै आक्रामक खेल खेलेको एपीएफका लागि खेलको ३० औं मिनटमा विके तामांगले गोल गर्दै अग्रता दिलाएका थिए । विश्वास उदासको क्रस बल सम्हाल्दै हेटौँडाका डिफेण्डर विट गर्न सफल विकेले पेनाल्टी एरियाबाट गरेको प्रहार गोलमा परिणत भएको थियो ।

पहिलो हाफ आफ्नो पक्षमा पार्न सफल एपीएफले खेलको ६८ औं मिनटमा अग्रता दोब्बर बनायो ।



एपीएफका प्रदीप लामाले गोल गर्दै टिमको अग्रता दोब्बर पारे । सुमन श्रेष्ठले प्रहार गरेको कर्नर बललाई डिबक्स भित्र सम्हाल्दै लामाले आकर्षक गोल गरेका थिए ।

दोश्रो हाफमा एपीएफविरुद्ध केही राम्रा अवसर बनाएर पनि फिनिसिङमा चुक्दा हेटौँडाको टोली प्रतियोगिताबाट बाहिरिन बाध्य भयो ।

खेलको म्यान अफ दि म्याच एपीएफका गोलरक्षक एन्जल श्रेष्ठ घोषित भए । उनले १० हजार रुपैयाँ नगद र ट्रफि प्राप्त गरे । म्यान अफ दि म्याच श्रेष्ठलाई आन्तरिक राजश्व कार्यालय सिमराका प्रमुख कर अधिकृत राजकुमार खतिवडा र शुभारम्भ कलेज अफ म्यानेज्मेन्टका अध्यक्ष लालप्रसाद पुडासैनीले पुरस्कार वितरण गरेका थिए ।


## ‘राजनीतिमा त्याग र बलिदानको भावना गणेशमान सिंहबाट सिक्नुपर्छ’

काठमाण्डु । पूर्वराजदूत प्रा डा जयराज आचार्यले स्व. गणेशमान सिंहमा त्याग र बलिदानका भावना उच्च रहेको स्मरण गर्दै उहाँ राजनीति आन्दोलनमा नयाँ पुस्ताका लागि उदाहरणीय भएको बताउनुभएको छ ।

गणेशमान सिंह स्मृति वाटिका तथा प्रतिमा स्थापना संरक्षण समितिले भक्तपुरको कटुञ्जेमा सोमबार आयोजना गरेको अन्तरसंवाद कार्यक्रममा उहाँले स्व राजा वीरेन्द्रले पनि गणेशमान सिंहको प्रसंशा गर्ने गरेको बताउनुभयो ।“राजा वीरेन्द्रले विदेशीसँग घुँडा टेक्नुभन्दा गणेशमानसँग सम्झौता गरी नेपाल र नेपालीलाई बहुदलीय प्रजातन्त्र दिनु देश र जनताको हितमा हुने धारण राख्नुहुन्थ्यो”, उहाँले भन्नुभयो ।सिंहले विसं २००७, २०१७ र २०४६ मा देश र जनताका लागि गर्नुभएको राजनीति आन्दोलन नयाँ पुस्ताका लागि उदाहरणीय रहेको प्रा डा आचार्यको भनाइ थियो ।

त्यस अवसरमा पूर्वउपप्रधानमन्त्री एवंप्रतिनिधिसभा सदस्य प्रकाशमान सिंहले कुनै पद, प्रतिष्ठा, लोभ र मोहमा नलागी नेपालको प्रजातान्त्रिक आन्दोलनमा अनवरत सङ्घर्षशील ऐतिहासिक जनआन्दोलन २०४६ का सर्वोच्च कमाण्डर गणेशमान सिंहको योगदान अहिलेका राजनीति पुस्ताले अनुशरण गर्नुपर्ने धारणा राख्नुभयो ।

प्रतिनिधिसभा सदस्य दुर्लभ थापाले नेपालको राजनीति आन्दोलनमा स्व गणेशमान सिंहको योगदान अतुलनीय रहेको बताउनुभयो । गणेशमान सिंह स्मृति वाटिका तथा प्रतिमा स्थापना संरक्षण समितिका अध्यक्ष माथवरसिंह बस्नेतले



गणेशमान सिंहको व्यक्तित्व र उहाँको योगदानका सम्बन्धमा भावी पुस्तालाई अवगत गराउनुपर्ने खाँचो औँल्याउनुभयो ।

चैत २६ गते ऐतिहासिक जनआन्दोलन दिवसको सर्न्दभमा नेपालका विभिन्न राजनीति दल तथा अन्य विभिन्न प्रजातान्त्रिक संस्थाले स्व गणेशमान सिंहले पुऱ्याउनु भएको योगदानका चर्चा परिचर्चा गरिँदै आइएको छ । विसं २०४६ चैत २६ गते नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको घोषणा भएको थियो ।

उक्त जनआन्दोलनमा विभिन्न राजनीति दल बहुदलीय व्यवस्थाको पुनःबहाली गर्न र पञ्चायती सरकारकाविरुद्ध सडकमा उत्रिएका थिए । आन्दोलनको नेतृत्व नेपाली कांग्रेसका नेता स्व गणेशमान सिंहले गर्नुभएको थियो । ऐतिहासिक जनआन्दोलन विंस २०४६ फागुन ७ गतेदेखि चैत २६ सम्म चलेको थियो । आन्दोलनको अन्त्यको घोषण स्व गणेशमानको उपस्थितिमा तत्कालीन राजा वीरेन्द्रले गर्नुभएको थियो ।

सोही दिन राजा, कांग्रेस र संयुक्त वाममोर्चाबीच सम्झौता भई निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनःबाहली भएको थियो । सोही दिन राजा वीरेन्द्रले विदेशीसँग घुँडा टेक्नुभन्दा गणेशमानसँग सम्झौता गरी नेपाल र नेपालीका लागि झुक्दछु भन्नुभएको थियो ।रासस

**मोटरसाईकल हरायो**

मेरो नाममा दर्ता रहेको म.प्र.०२-००६ प ०७९३ नम्बरको रातो रंगको च्याचिस नम्बर MD634BE49M2H00193 ईञ्जिन नम्बर BE4HM2500272 १६० सीसीको टीभीएस कम्पनीको अपाचे RTR मोटरसाइकल मिति २०८०/१२/२५ गते जि.महोत्तरी सोनमा गाउँपालिका वडा नम्बर ७ सुन्दरपुरको मावि चोकमा अगाडी पार्किंग गरिराखेको अवस्थामा राती १०:४५ बजेको समयमा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः कारी पण्डित**
ठेगानाः जि.म.सुन्दरपुर -४
मो. नं. ९८४४०६९०३८
९८०७८९१३४९

## राष्ट्रियसभा अध्यक्षसँग इजरायली राजदूतको भेट

काठमाण्डु। राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग इजरायली राजदूत हनान गोदरले न्यमभच न्यमिदभचनभच शिष्टाचार भेट गर्नुभएको छ।

सिंहदरबारस्थित अध्यक्ष दाहालको कार्यकक्षमा भएको भेटमा दुई देशबीचको कूटनीतिक सम्बन्ध र आपसी सहकार्यका विषयमा कुराकानी भएको थियो। भेटका अवसरमा अध्यक्ष दाहालले नेपाल-इजरायल कूटनीतिक सम्बन्ध स्थापनाको ६० वर्ष पुगिसकेको चर्चा गर्दै आगामी दिनमा पनि दुई देशबीचको सम्बन्ध थप मजबुत र घनिष्ट हुने विश्वास व्यक्त गर्नुभयो। ।

नेपाल शान्तिको पक्षधर राष्ट्र भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, “हामी सधैँ मध्यपूर्वमा शान्ति, अमन चयन र स्थिरताको पक्षमा छौँ, संयुक्त राष्ट्रसङ्घलगायतका बहुपक्षीय मञ्चमा नेपाल र इजरायलबीच हुने गरेका आपसी सहयोगले दुई देशको सम्बन्ध थप मजबुत बनाएको छ ।”लामो द्वन्द्वपछि नेपालमा शान्ति प्रक्रिया टुङ्गोमा पुग्न लागेको



उल्लेख गर्दै अध्यक्ष दाहालले नेपाल अब आर्थिक समृद्धिको बाटोमा लागेको र त्यसका लागि इजरायल सरकारको महत्वपूर्ण सहयोग आवश्यक रहेको बताउनुभयो ।

‘अर्न एण्ड लर्न’ कार्यक्रमअन्तर्गत इजरायल पुगेका नेपाली नागरिकमाथि भएको घटनाप्रति दुःख व्यक्त गर्दै अध्यक्ष दाहालले हालसम्म बेपत्ता भएका नेपाली विद्यार्थी विपिन जोशीको खोजीका लागि तीव्र पहल गरिदिन आग्रह गर्नुभयो । उहाँले अहिले पनि करिब चार हजार नेपाली श्रमिक इजरायलमा रहेको उल्लेख गर्दै उनीहरुको सुरक्षा र रोजगारीका विषयमा चासो व्यक्त गर्नुभयो ।इजरायलबाट नेपालमा उल्लेख्य पर्यटक आउने गरेको चर्चा गर्दै अध्यक्ष दाहालले आगामी दिनमा अझ धेरै इजरायली नागरिकलाई नेपाल भ्रमणका लागि पहल गरिदिन र नेपालको पर्यटन प्रवर्द्धन गर्नमा योगदान गरिदिन आग्रहसमेत गर्नुभयो ।

सो अवसरमा इजरायली राजदूत गोदारले इजरायल र नेपालको सम्बन्ध निकै घनिष्ट रहेको चर्चा गर्दैनेपालको कला, संस्कृति, परम्परा र पर्यटकीयस्थलका हिसाबले धनी रहेको बताउनुभयो। आफूले लामो समय नेपालमा रहेर काम गर्ने मौका पाएको उल्लेख गर्दै राजदूत गोदारले सगरमाथा, लुम्बिनी, चितवन, पोखरा, रारालगायतका नेपालका थुप्रै पर्यटकीय गन्तव्यले विश्वमै नेपालको पहिचान दिलाएको बताउनुभयो ।रासस

### तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मकैमा दाना नलागेको विषयमा अनुगमन



**टुडे समाचारदाता**

मलंगवा । किसानले लगाएको मकै खेतीमा दाना नलागेको विषयमा गठन गरिएको छानवीन समितिले सर्लाहीमा प्रभावित क्षेत्रको अनुगमन गरेको छ। राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर चितवनका वरिष्ठ वैज्ञानिक डा भीमनाथ अधिकारी संयोजकत्वको सात सदस्यीय कार्यदलले मंगलबा बागमती र बरहथवा नगरपालिका अन्तर्गतका प्रभावित क्षेत्रको अनुगमन गरेको हो।

टोलीले मंगलबार बिहानैबाट बरहथवा र बागमती क्षेत्रका किसानको खेतमै पुगेर निरीक्षण गर्दै किसानसँग प्रत्यक्ष भेटी मकैखेतीबारेमा जानकारी लिने काम गरिएको राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुर चितवनका वरिष्ठ वैज्ञानिक डा अधिकारीले जानकारि दिएका छन्।

अधिकारीका अनुसार प्रारम्भिक जानकारीअनुसार मौसम प्रतिकुल हुँदा मकैको फूल र घोगामा हुनुपर्ने परागसेचन प्रक्रिया पूरा नहुँदा दाना नलागेको पाइएको छ।

यस विषयमा थप परीक्षणलगायतका विधिबाट समस्या पत्ता लगाइने बताइएको छ।

निरीक्षणका क्रममा कात्तिकदेखि मङ्सिर पहिलो हप्तासम्म लगाइएको वर्णशङ्कर जातका मकैमा दाना नलाग्ने समस्या देखिएको बीउविजन गुणस्तर नियन्त्रण केन्द्रका डा प्रकाश आचार्यले बताए। उनका अनुसार यस अवधिमा लगाइएका मकैमा १० देखि ३० प्रतिशतसम्म क्षति पुगेको छ।

अनुगमनका क्रममा किसानले आफ्नो समस्या टोली समक्ष राखेका छन्।

सर्लाहीको बागमती, बरहथवालगायत क्षेत्रका किसानले उन्नत जातको मकैमा दाना नलागेको गुनासो गरेका थिए।

किसानको गुनासोपछि बीउविजन गुणस्तर नियन्त्रण केन्द्रले प्रभावित क्षेत्रमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गर्न कार्यदल गठन गरेको थियो।

डा अधिकारी संयोजक रहेको कार्यदलको सदस्यमा मकैबाली अनुसन्धान कार्यक्रम रामपुरका वैज्ञानिक डा महेन्द्रप्रसाद त्रिपाठी, राष्ट्रियबाली प्रजनन केन्द्र खुमलटारका डा उज्जवलकुमार सिंह कुशहवा, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका बाली विकास अधिकृत नवराज जोशी, मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि, कृषि ज्ञान केन्द्रका प्रतिनिधि रहेका छन्।

त्यस्तै बीउविजन गुणस्तर नियन्त्रण केन्द्रका डा प्रकाश आचार्य सदस्य सचिव रहनुभएको छ। कार्यदललाई प्रभावित क्षेत्रमा निरीक्षण एवम् छलफल गर्ने, मकैको जात, क्षेत्रफल, प्रभावित किसानको विवरण, बीउबिक्रेता तथा आयातकर्ताको विवरण सङ्कलन गर्ने, प्राविधिक राय पेस गर्ने, बीउको जातीय शुद्धता पहिचान गर्ने जिम्मेवारी दिइएको छ।

अनुगमनका उन्नत जातका अधिकांश मकैमा समस्यादेखिको कार्यदलले जनाएको हो। सर्लाहीमा मात्र विभिन्न जातको ५० मेट्रिक टन उन्नत जातको बीउ वितरण भएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ।

# छुट्टाछुटै आगलागीमा लाखौंको क्षति

**टुडे समाचारदाता**

वीरगंज। पर्सामा मंगलबार छुट्टाछुटै स्थानमा आगलागी हुँदा लाखौ मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ। आगलगीमा परेर करिब १२ लाख बराबरको क्षति भएको छ।

प्राप्त जानकारि अनुसार धोबिनी गाउँपालिका- ३ गुलरियामा मंगलबार बिहान आगलागी हुँदा करिब रु नौ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। विद्युत् सर्ट भई स्थानीय सुरेन्द्र पटेलको घरबाट सुरु भएको आगलागी फैलिएर पटेलसहित स्थानीय फरिन्द्र पटेल, हनिफ मियाँ धोवी, मनिफ मियाँ धोवी, रवीन्द्र पटेल लगायतको घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ।



आगलागीमा परी घरमा रहेको फर्निचर, लत्ताकपडा, भाँडाकुडा, अन्नपात, साइकललगायतका सम्पूर्ण सामान जलेर नष्ट भएको र सो परिमाण बराबर क्षति भएको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक शम्भु विक्रम शाहले जानकारी दिएका छन्। पोखरिया नगरपालिकाको वारुणयन्त्र, नेपाल प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा आएको स्थानीयले बताएका छन्।

पर्साको पटेर्वा सुगौली गाउँपालिका-४ पटेर्वा टोलमा मंगलबार बिहान आगलागी हुँदा चार लाख मूल्य बराबरको क्षति भएको छ। स्थानीय भागिरत महतो थारुको घरमा विद्युत सर्टभई आगलागी हुँदा घरमा रहेको चार क्विन्टल सुर्ती, फर्निचरलगायतका समान जल्दा सो परिमाणको क्षति भएको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराज केसरीले जानकारी दिए।

मटिहानीमा आगलागी

त्यसैगरि महोत्तरी जिल्लाको मटिहानी-८ स्थित एक उद्योगमा गए राति आगलागी हुँदा लाखौँको क्षति भएको छ। मटिहानीबजारमा सञ्चालित दुःखमोचन ठाकुरको भरत फर्निचर उद्योगमा आगलागी हुँदा रु ३५ लाखभन्दा बढीको धनमाल नष्ट भएको हो।

सोमबार राति १० बजे आगलागी भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। आगलागीबाट फर्निचर र उद्योगका कच्चा पदार्थ क्षति भएको छ। आगो मटिहानी नगरपालिकाको वारुणयन्त्र, स्थानीय बासिन्दा, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीको सहयोगमा निभाइएको थियो।

# मिथिलामा वासन्ती नवरात्र प्रारम्भ



**टुडे समाचारदाता**

महोत्तरी। मिथिला क्षेत्रमा वासन्ती नवरात्रको प्रारम्भसँगै आदिशक्ति देवीका भजन गुञ्जन थालेको छभने शक्तिपीठहरूमा भक्तजनको भीड लागेको छ।

चैत शुक्ल परेवासँगै मंगलबारदेखि प्रारम्भ वासन्ती नवरात्रमा मिथिलाका शक्तिपीठमा नवदुर्गा भवानीको पूजाअर्चनासँगै देवी भजन गुञ्जेको हो। नवरात्रको पहिलो दिन मंगलबार शक्तिपीठहरूमा कलश स्थापना गरेर जमरा राखिँदै छ। वासन्ती नवरात्र प्रारम्भसँगै मिथिलाका शक्तिपीठमा दर्शनार्थी पनि बढेका छन्।

हिन्दू-मैथिल परम्परामा वर्षमा दुईपटक दसैँ मनाइन्छ। असोज शुक्लपक्ष प्रतिपदादेखि नवमीसम्मको शारदीय नवरात्र र चैत शुक्ल परेवादेखि नवमीसम्म वासन्ती नवरात्र मान्ने परम्परा छ। दुवै नवरात्रमा देवी पूजनका समान विधि भए पनि शारदीय नवरात्रमा असोज शुक्लपक्षभरि नै दसैँपर्व मनाइन्छ।

नवरात्रको अन्तिम दिन नवमीमा देवी पूजन सकेर दशमीका दिन देवी विसर्जन गर्दै प्रसादस्वरुप मान्यजनबाट टीका जमरा लगाउने चलन छ तर वासन्ती नवरात्रमा भने नवमीका दिन नै दसैँ सम्पन्न गरिन्छ।

मिथिलामा चैत शुक्लपक्षको नवरात्रभित्रै वासन्ती छठको परम्परा छ। छठ पनि वर्षमा शारदीय र वासन्ती गरी दुईपटक मनाइन्छ। कात्तिक शुक्लपक्षको चौथीदेखि सप्तमीसम्म चार दिन मनाइने शारदीय छठकै विधि जसरी चैत शुक्लपक्षको चौथीदेखि सप्तमीसम्म वासन्ती छठ मनाउने हिन्दू मैथिल परम्परा छ। वासन्ती नवरात्रको अन्तिम दिन नवमी तिथि हिन्दू परम्पराका आराध्य देव श्रीरामको जन्म भएको विश्वास गरिन्छ। मिथिलासँग श्रीरामको वैवाहिक सम्बन्धले यहाँ यो पर्व अर्थात् रामनवमी (चैत शुक्ल नवमी) विशेष रूपमा मानिन्छ।

वासन्ती नवरात्रमा पनि शारदीयजस्तै कन्या कुमारी (अविवाहित किशोरी)ले धार्मिक महत्वका नदी र तलाउबाट नयाँ घडामा भरेर ल्याएका पूर्ण कलशको जलले देवी प्रतिमा र मन्दिर परिसर सिञ्चित गर्दै सोही जलको कलश स्थापना गरेर घटस्थापना विधि सम्पन्न गरिने मिथिला परम्परा छ।

महोत्तरीका प्रसिद्ध देवी शक्तिपीठ बर्दिबास नगरपालिका-४ स्थित पञ्चधुरा माईस्थान मन्दिर, औरही नगरपालिकाको सोनामाइस्थित सोनामाई माई मन्दिर, जलेश्वर नगरपालिका-१ स्थित सन्सारी माई र राजदेवी मन्दिरमा आज कुमारी कन्याले रातु नदी र लक्ष्मीसागर, पुरन्दर, वरुण, ध्रुवकुण्ड एवं भार्गवसरलगायत धार्मिक महत्वका तलाउबाट नयाँ शुद्ध घडामा भरेको जल कलश यात्रासहित मन्दिर परिसरमा पुर्याएका छन्।

यसैगरी मधेसका प्राचीन मिथिला क्षेत्रका सप्तरी जिल्लाका सकरा भगवती, कङ्कालिनी माई, छिन्नमस्ता, जनकपुरस्थित राजदेवी मन्दिर (परापूर्वमा राजा जनकले पूजापाठ गर्ने कूलदेवी मानिएको) र बारा जिल्लाको गढीमाई मन्दिर प्रसिद्ध शक्तिपीठका रूपमा पूजित छन्। यी सबै शक्तिपीठमा नवरात्र प्रारम्भसँगै चण्डीपाठ पनि प्रारम्भ भएको छ।

हिन्दू परम्पराका सबै मैथिल परिवारमा देवीको पूजाअर्चनासहित चण्डीपाठ गर्ने परम्परा छ। यसपटक वासन्ती नवरात्रभित्रै नयाँ वर्ष (२०८१) प्रारम्भ हुने हुँदा यस अवसरमा जुडशीतल पर्व पनि मनाइने छ।

# सर्लाहीमा 'सिएस' सुविधासँगै प्रसूति सेवा लिने बढे

**मलंगवा**। नगर अस्पतालबाट निःशुल्क शल्यक्रिया सिजेरिएन सेक्सन (सिएस)सहितको बर्थिङ सुविधा उपलब्ध भएपछि प्रसूति सेवा लिनेको संख्या बढ्दै गएको छ।




सर्लाहीको लालबन्दी नगरपालिका-५ ढुमढुमेस्थित नगर अस्पतालमा यही चैत १ गतेदेखि सिएससहितको बर्थिङ सुविधा सुरु भएको हो। निजी अस्पतालमा महँगो पर्ने सिएस सेवा नगर अस्पतालमा नै निःशुल्क उपलब्ध भएपछि सेवाग्राहीको आकर्षण बढेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर रामविश्वास रायले जानकारी दिनुभयो।

असुरक्षित रूपमा सुत्केरी गराउने संख्या घटेको नगर स्वास्थ्य शाखाले जनाएको छ। अस्पतालमा एकैदिन तीन जनासम्मको 'सिएस' विधिबाट सुत्केरी गराइएको डा रायले बताउनुभयो। नगर अस्पतालमा महिना दिनमा १२ जनाले सिएस सेवा लिएका छन् भने चालु आर्थिक वर्षको नौ महिनामा दुई सय ८२ जनाले प्रसूति सेवा लिएका छन्।

आफ्नै गाउँठाउँमा शल्यक्रियासहितको सुविधा पाउँदा खुसी लागेको ईश्वरपुर नगरपालिका-९ निवासी अञ्जुकुमारी चौधरीले जानकारी दिनुभयो।

"बुहारीलाई सुत्केरी गराउन निजी अस्पताल लैजाँदा ६० हजार तिर्नुपरेको थियो", उहाँले भन्नुभयो, "यहाँ पैसा तिर्नुपरेको छैन। सबैले अस्पतालमै सुरक्षित रूपमा सुत्केरी गराउनुपर्छ।" निकै सुविधा भएको भन्दै अन्जुकी आमा बिना चौधरीले खुसी व्यक्त गर्नुभयो।

नागरिकको सुविधालाई ध्यान दिँदै प्राथमिक स्वास्थ्य संस्थाबाट विशेषज्ञ चिकित्सकसहित सेवा विस्तार गरिएको वडाध्यक्ष मीनप्रसाद ढुङ्गेलले बताउनुभयो। सुरुमा नर्मल डेलिभरी सेवामात्र रहेको स्वास्थ्य चौकी नगर अस्पतालमा स्तरोन्नतिपछि सेवा विस्तार गरिएको उहाँ बताउनुहुन्छ। "अहिले शल्यक्रियाबाट सुत्केरी गराउनु परे पनि बाहिर जानु पर्दैन", उहाँले भन्नुभयो, "हामीसँग डाक्टरदेखि चाहिने सबै उपकरण उपलब्ध छन्।" पहिला यति सेवा लिन महँगो खर्चमा टाढा जानुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन्। यहाँ जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा छ।

> नागरिकको सुविधालाई ध्यान दिँदै प्राथमिक स्वास्थ्य संस्थाबाट विशेषज्ञ चिकित्सकसहित सेवा विस्तार गरिएको वडाध्यक्ष मीनप्रसाद ढुङ्गेलले बताउनुभयो।

उच्च रक्तचाप, मधुमेह, क्षयरोगलगायतका परीक्षण निकै सुलभ मूल्यमा हुने गरेको ल्याब टेक्निसियन प्रकाश यादवले जानकारी दिनुभयो। ल्याव सेवा लिन आउनेको संख्या बढ्दो क्रममा रहेको उहाँको दाबी छ। जिल्लाका सम्पूर्ण पालिकालाई प्रदेश सरकारबाट जनस्वास्थ्य प्रयोगशाला सञ्चालन गर्न सहयोग गरिएको थियो।उपचारका लागि अन्यत्र जानुपर्ने बिरामले ल्याब परीक्षण गराएर जाने गरेका टेक्निसियन यादव बताउनुहुन्छ। ल्याबबाट प्रदान भएको सेवामा सेवाग्राहीको विश्वास बढेको बताउनुभयो।अस्पतालबाटस्वास्थ्य बीमा कार्यक्रमअन्तर्गतको औषधि र उपचार सेवा उपलब्ध रहेकाले बिरामीको चाप रहेको अस्पताल स्रोतले जनाएको हो।


जिल्लामा सदरमुकाम मलङ्गवास्थित प्रदेश अस्पताल र लालबन्दी नगर अस्पतालमा मात्र शल्यक्रियासहितको सुत्केरी सेवा सञ्चालनमा छ। यसअघि सिएस सेवा लिन धेरै रकम खर्च गरेर वीरगञ्ज, जनकपुर, भरतपुर, काठमाडौँलगायत ठूला सहर धाउनुपर्ने बाध्यता थियो।

नगर अस्पतालमा विशेषज्ञ चिकित्सकसहित ४० स्वास्थ्यकर्मीले सेवा प्रदान गरिरहेका नगर स्वास्थ्य शाखाका सुरेन्द्र खतिवडाले जानकारी दिनुभयो।

# वीरगंजमा मजदुरहरुको आन्दोलन स्थगित

**टुडे समाचारदाता**

वीरगंज। वीरगञ्जस्थित प्रोवायोटेक इण्डष्ट्रिज लिमिटेडका मजदुरले थालेको आन्दोलन सहमती पछि स्थगित गरेको छ। उद्योग व्यवस्थापनसँग दुई बुँदे लिखित सम्झौता भएपछि उनीहरुले आन्दोलन स्थगित गर्दै काममा फर्केको जनाइएको छ।



विभिन्न कारण देखाइ उद्योग व्यवस्थापनले गत फागुनदेखि ११ जना मजदुरलाई कामबाट हटाएको भन्दै अखिल नेपाल ट्रेड युनियनको अगुवाईमा मजदुरहरु काम छाडेर आन्दोलनमा उत्रेका थिए।

आन्दोलनरत मजदुर युनियनका पदाधिकारी तथा उद्योग व्यवस्थापनबीच कामबाट हटाइएका मजदुरलाई पुनःबहाली गर्ने र मजदुर आन्दोलनका कार्यक्रम फिर्ता लिई काममा फर्किने सहमति भएको छ। श्रमिकको तर्फबाट संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रका अध्यक्ष योगेन्द्र कुँवर, अखिल नेपाल ट्रेड यूनियन महासङ्घ मधेस प्रदेश इन्चार्ज माधव पाण्डे र उद्योगीकोतर्फबाट प्रोवायोटेक इण्डष्ट्रिज लिमिटेडका प्रशासन प्रमुख ओमप्रकाश बैठाले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

प्रोवायोटेक इण्ड्रष्ट्रिज लिमिटेडले श्रम ऐन, ०७४ को दफा १३१ (४) को (च) बमोजिम खराब आचरण गरेको भनी छ श्रमिकलाई सेवाबाट हटाएको थियो भने अन्य कारण देखाएका पाँचजना थप श्रमिकलाई उद्योग प्रवेशमा रोक लगाएको थियो। निष्कासित गरिएका ११ श्रमिकको पुनःबहालीको माग गर्दै अखिल नेपाल ट्रेड यूनियन महासङ्घ निकट श्रमिकहरु आन्दोलनमा उत्रिएका थिए।


मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

सूचना ! सूचना !! सूचना !!!


प्रकाशित मिति :- २०८०/१२/२८

चालु आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारद्वारा मधेशका स्थानीय तहहरुलाई उपलब्ध हुने सशर्त अनुदान अन्तर्गतका कार्यक्रम/योजना प्रदेश सर्शत अनुदान कार्यविधि, २०८० को दफा ५ को उपदफा (६) बमोजिम सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र सो कार्यविधिको अनुसूची-१ बमोजिमको विवरण लगायत आवश्यक कागजात सहित यस मन्त्रालयमा पठाउन हुन सम्बन्धित सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पठाउने ठेगाना:**
अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम वा
यस मन्त्रालयको इमेल info.moeap@p2.gov.np
मा पठाउनु हुन

**अन्य कुनै थप जानकारीका लागि सम्पर्क व्यक्ति**
नामः सुदर्शन भट्टराई
पदः शाखा अधिकृत
सम्पर्क नं.:- ०४१-५२४६७७
मो.नं. ९८६०५६०५२९

**नोट**: अन्तिम दिनको कार्यलय समयभित्र अनुसूची-१ मा तोकिएको विवरण प्राप्त नभएका योजना/कार्यक्रमहरु दर्ता गरिने छैन।




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### लागूऔषध नरोकिए हिंसा बढ्ने

नेपालमा लागूऔषधको दुर्व्यसनीहरुको संख्या दिनहुँ बढिरहेको छ । लागूऔषधका दुर्व्यसनमा उद्यत युवायुवतीहरुले हिंसात्मक गतिविधि गर्न थालेका छन् । लागूऔषध दुर्व्यसनमा लागेका युवायुवतीहरु घरपरिवारका लागि मात्र टाउको दुखाइ नभइ उनीहरु समाज र राष्ट्रका लागि समेत टाउको दुखाइ बनेका छन् । लागूऔषध दुर्व्यसनमा लाग्नेहरुको संख्या विदेश जाने जनशक्तिकै हाराहारीमा होला । नेपालमा अनेक प्रकारका दुर्व्यसनीहरु रहेका छन् । उनीहरु सुरक्षाका लागि पनि ठूलो थ्रेट बनेका छन् । समाजमा हुने अधिकांश आपराधिक क्रियाकलापमा लागूऔषध दूर्व्यसनीको संलग्नता रहेको देखिन्छ । प्रहरीको अपराध तालिकामा घटनाहरुको संख्या निकै बढेको देखिन्छ । त्यसमध्ये लागूऔषधको ओसारपसार, दुर्व्यसनीहरुको संख्यामा सर्वाधिक वृद्धि भएको देखिन्छ । पछिल्लो पटक जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ४ मा दिनदहाडै भएको हत्यामा पनि दुर्व्यसनीहरुको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानमा खुलेको बताइन्छ । लागूऔषध सेवन गरेको बेला मानिस सम्पूर्ण रुपमा मानसिक सन्तुलन गुमाउने गरेको बताइन्छ । नेपालमा लागूऔषध ओसारपसारमा पनि थुप्रै मानिसहरुको संलग्न रहेको देखिन्छ । नेपालबाट भारततर्फ गाँजा, अफिम, हिरोइनलगायत कयौं प्रकारका लागूऔषधहरु तस्करी हुने गरेको छ । नेपालमा गाँजा बाहेक अन्य सबै प्रकारका लागूऔषध भने अन्य मुलुकबाट नै आउने गर्छ । लागूऔषध खासगरी भारतबाट तस्करी भएर नेपालमा आउने गरेको छ। नेपाल र भारतीय सुरक्षा अधिकारीहरुले सीमाक्षेत्रमा लागूऔषधको ओसारपसारमा अझै कडाइ गर्नु आवश्यक छ। नेपालमा सीमाक्षेत्रमा लागूऔषधको ओसारपसार नरोकिए दुर्व्यसनीहरुबाट हुने सुरक्षा खतरालाई नियन्त्रण गर्न सकिदैन । सर्वाधिक आपराधिक घटनामा संलग्नता रहनेहरुलाई नियन्त्रण गर्नु भन्दा उनीहरुले सेवन गर्ने लागूऔषधलाई नै नियन्त्रण गर्न आवश्यक छ । लागूऔषधको ओसारपसारलाई नेपालतर्फ बढी भइरहेको छ। त्यसले सहज रुपमा लागूऔषधका सेवनकर्ताहरुलाई उपलब्ध भइरहेको छ । लागूऔषध सेवन नगरेका मानिस धेरै क्रुर भए बाहेकको अवस्थामा सडकमा मानिसलाई लखेटेर हत्या गर्ने आँट गर्न सक्दैन । लागूऔषधका दुर्व्यसनीहरुसित समाजका प्रबुद्ध मात्र नभइ सामान्य मानिसहरु पनि अलग्गै बस्न चाहन्छन् । जनकपुरधाम उपमहानरगरपालिकाको वडा नम्बर ४ मा भएको घटना हेर्नेहरु धेरै थिए । तर उनीहरुले कमजोर मानिसलाई जोगाउन समेत चासो देखाएनन् । सबै रमिते बनेका थिए । त्यसको कारण हत्यामा संलग्नहरु लागूऔषधका दुर्व्यसनीहरु थिए । उनीहरुसित मुख लाउनु अथवा अगाडि आउनु भनेको आफै असुरक्षित रहेको महसुस गर्छन् । सुरक्षाकर्मीहरुले अपराध कम गर्न लागूऔषधलाई नियन्त्रण गर्न अति आवश्यक छ ।

# धार्मिक आस्थाको केन्द्र पवित्र तिर्थस्थल ईटर्वा मठ प्राणेश्वर नाथ महादेव




प्रफुल्ल घिमिरे

दशनामी सम्प्रदाय अन्तर्गत रहेको धार्मिक आश्था र विश्वासको केन्द्रको रुपमा रहेको सनातन धर्मावलम्बीहरुको पवित्र दर्शनिय पौराणिक तिर्थस्थल श्रीप्राणेश्वर नाथ महादेव  नेपालको धनुषा जिल्ला बिदेह नगर पालिका वडा न.९ इटहर्वामा लगभग तीन बिघाको क्षेत्र फलमा फुल-फुलवारी, बन-बगैंचा, तलाउले सुशोभित भई जलाद नदिको उत्तर तर्फ अवस्थित रहेको मन्दिरमा विराजमान रहेका छन् ।

यी महादेवको नाउँ सिद्ध पुरुष , विशुद्ध तान्त्रिक, वाक शुद्धी रहेका तपस्वी महात्मा श्री प्राण पुरीले ईटहर्वा स्थानमा महादेवलाई  प्रतिस्ठापित गरि पुजा-आजा शुभारम्भ गरेकोले यी महादेव नाँउ प्राणेश्वर महादेव रहन गएको छ ।

यी सिद्ध पुरुष तान्त्रिक महात्मा श्री प्राण पुरिको कथा बढी नै रोचक रहेको छ । एकदिन उनी घुम्दा घुम्दै काठमाडौका तात्कालिन राजा श्री गिर्वाण युद्धको  दरवार अगाडि बस्न पुगेका थिए । उनी बसेको ठाउँमा आफ्ना अगाडि एउटा थालमा केही सामग्रीहरु राखेका थिए । दर्वार अगाडि बसेका साधु माथी राजा गिर्वाण युद्धको नजर पर्न गयो । उनले एउटा कारिन्दालाई बोलाएर साधुलाई हेर्न पठाए । तर उक्त कारिन्दाले साधुका अगाडि रहेको थालमा मासुको थुप्रो र रक्सीको सिसि देखे  र सोही कुरा राजालाई बिन्ती चढाए । महाराज त्यहाँ एउटा संत महात्मा बसेका छन । उनको अगाडि रहेको थालमा मासु र रक्सीको बोतल छ । यो सुने पछि राजाले पुनः पहिले पठाएको कारिन्दा भन्दा माथिल्लो ओहदाका कारिन्दालाई हेर्न पठाए । अर्को कारिन्दा हेर्न पुग्दा महात्मा ताँत्रीकले आफू अगाडि रहेका थाललाई कपडाले छोपेर राखेका थिए । हेर्न पुगेका अर्को कारिन्दाले कपडा हटाएर हेर्दा थालभरी उरहर ( घण्टी) फुल र बोतलमा गंगा जल देख्न पुगे र उक्त कुरा गएर राजालाई बिन्ती चढाए। यो कुरा सुने पश्चात् राजा गिर्वाणयुद्धले महात्मा प्राण पुरिलाई दर्वारमा बोलाउन लगाए र आश्रम बनाएर ध्यान साधना पुजा-अर्चना गर्न सिरहाको सिकाजोतिका जग्गा प्रदान गरे। यो जग्गा जिल्ला सप्तरी  प्रगन्ना महिसौथ विहार मध्ये लषडिहा मैदाषिली कुजंल पट्टि डुढाढी सिका जोति ससीम एकतिस सय एकसट्ठी बिगहा तीन कठ्ठा जग्गा मठ बाघी स्थान तुल्याई बि.स.१८४७ मा दान बक्स गरेर बस्न दिएका थिए ।

१३ औं पिढिंका महन्त शिव नारायण पुरिका अनुसार महात्मा प्राण पुरी सिका जोतिमा आफ्नो आश्रम कायम गरि आफ्नो साधनामा रहे । केही दिन पश्चात् उनी आफ्नो शिष्य र आफुसँग रहेका कुकुरहरु त्यही आश्रम छाडेर भ्रमणमा निस्के । भ्रमण गर्दा गर्दै उनी एकदिन उनी  दरभंगाका मसानघाटमा बास



बस्न पुगे। यो कुरा संतान बिहिन रहेका दरभंगाका राजा माधव सिंहले थाहा पाउन पुगे । संतान नभएर चिन्तित अवस्थामा रहेका राजा वाक शुद्धी तान्त्रिक महात्मालाई दर्शन गर्न पुगे । महात्माको सेवा सत्कार गर्दै आफू संतान बिहिन रहेको कुरा सुनाउदै संतानकालागी बिन्ती चढाए । यो कुरा सिद्ध वाक शुद्धी तान्त्रिक महात्माले सुने पश्चात् महात्माले एउटा छोरा मलाई दिने हो भनेर सोध्दा राजाले हुन्छ भने । साधुले राजालाई आशीर्वाद दिए र केहि समय त्यहाँ बसे पश्चात् घुम्दा घुम्दै बलिया पुगे । बलिया पछि घुम्दा घुम्दै सात आठ वर्ष पछि पुनः महात्मा दरभंगाको मसानघाटमा बास बस्न पुगे । महात्माको आशीर्वचनले यतिबेला सम्म राजाका दुइटा संतान प्राप्त गरिसकेका थिए।  महात्मा आएको थाहा पाउनासाथ राजाले आफ्ना दुबै छोरालाई साथमा लिएर मसान घाटमा पुगे र महात्माको दर्शन गर्दै छोराहरूलाई पनि दर्शन गराउदै  राजाले महात्मालाई भने - यी दुबै छोराहरु हजुरको आशीर्वादले प्राप्त भएका हजुरले नै दिनु भएका प्रसाद हुन । हजुरले भने अनुसार लिएर उपस्थिति भएको छु।  लिनुहोस । यति कुरा राजाको सुनेर महात्माले भने - यिनिहरु महलमा हुर्केका  बढेका, पालिएका छन ।  मसंग जाँदा दुःख पाउँछन् । तिमी नै यिनिहरुलाई पाल भनेर सिद्ध महात्मा प्राण पुरिले राजाका  दुबै संतानलाई फिर्ता दिए। यो सुनी  राजाले यसको साटो के दिउँ त सोध्नी हुँदा महात्माले भने - तिमिसंग छ नै के र ? मलाई दिन्छौ ! महात्माको कुरा सुन्दा राजाले आफ्नो गल्ती महसुस गरि पाँच हजार बिगहा जग्गा ताम्र पत्रमा उल्लेख गरि आश्रमकालागी प्रदान गरेर हजुर यहिं बस्नुस र हामिहरुलाई सदा आशीर्वाद दिनोस भनी आग्रह गरे ।

केहि समय दरभंगाको मसानघाटमा नै बास बसेर तहाँबाट महात्मा पुनः पहिलेको स्थान सिरहाको सिका जोति आश्रममा पुगे । त्यहाँ पुग्दा उनले त्यहाँ छाडेर गएका कुकुरहरु बिरामी भएर कतिपय मरि सकेका थिए भने बाँचेकाहरुको पनि खौरा लागेर केस झरेका दयनीय अवस्थामा रहेक थिए। यो देखेर महात्मा प्राण पुरिले राजा गिर्वाण युद्धले दिएको सिका जोतिको त्यस क्षेत्रका जगाको पानी खराब भएको र मठ बाघी स्थान तुल्याई बस्न नसक्ने देखेर फिर्ता गरे ।  र उनी इटहर्वा स्थानमा आश्रम बनाई महादेबको पुजा-आजा आराधनामा लिन रहे।

इति सम्बत १८४७ सालमा बाली देखि गर्भु सुधाले साँध सिमाना छुट्टाइदिएको मठ स्थानको निमित कदौली अघि नापिएको बदली इति सम्बत १८४८ सालको बाली देखि प्रीती कुश विर्ता प्रगन्ना मजकुर मध्ये मौजे इटहरवाको सवा चौराननब्बे बिघा त्यस्को साँध पुर्वका जम्मा पन्द्र सय नवासी बिघा तेरह कठ्ठा सिमाना छुट्टाई मेठ बन्दी गरि बियाहदानी, हाट, जलकर, बनकर, सदाब्रत , प्रपुजा, भोगराग आदिका लागि पृती कुशबिर्ता विपलव गरि मौजेमंजकुरको प्रवाद गुल्जार गरि जो पैदाबर हुन्छ...प्रीती कुशविर्ता जमिनमा मठ बाँधी सदाव्रत चलाई शिष्यो शिष्य मिलि भोग गर हाम्रो जय मनाई आशीर्वाद दिन्या गर भनेर ईति सम्बत १८६७ साल कात्तिक ११ रोज ४ का दिन राजा गिर्वाण्युद्धले तपस्वी तान्त्रीक सिद्ध पुरुष प्राणपुरी महन्थका शिष्य धौकल पुरिलाई प्रदान गरे।

छुट गुठिका रुपमा रहेको ईटहरवा श्रीप्राणेश्वर नाथ  महादेव मन्दिर त्यसबेला देखि नै पिढी दर पिढी गुरु शिष्य परम्पराको आधारमा चल्दै आएकोमा हाल राज गुठी अन्तर्गत समावेश भएको छ । पुर्व काल देखि चल्दै आएको पुजा पाठ भोग राग सदब्रत हाल सम्म नै कायम गरिएको कुरा यस मन्दिरका तेहरौं पिढिका महन्त श्री शिव नारायण पुरीले बताएका छन ।

एक चिप्पी सिधा भगवानलाई एक चिप्पी सिधा गाईलाई एक चिप्पी सिधा कुकुरलाई सधैं लाग्दै आएको छ।

प्रत्येक विवाह पञ्चमी ,राम नवमिमा आएका साधु सन्त नागाबाबाहरु यस मठमा दुई तीन रात विश्राम गर्ने गर्छन । यश मठवाट सबै साधु सन्तलाई भण्डारा , बस्ने ब्यबस्था मिलाईन्छ । जाने बेलामा बिदाईको ब्यबस्था गरिन्छ। मठलाई हेरचाह गर्ने बारह जना कर्मचारिहरु तलवमा रहेका छन् ।

तर यस मठका कतिपय जग्गा अतिक्रमण र कतिपय मोहि एंव मनखपमा लागेका छन् ।  मठका जग्गाहरुमा स्थानीय सरकार देखी केन्द्रिय सरकारले तथा राजनीति दलका अगुवाहरुले अतिक्रमण गर्नेहरुको मत पाउने स्वार्थमा, अन्य लोभ प्रलोभनमा परिदिदा जग्गाहरु द्रुतगतिमा नाशिने क्रममा छन । धर्मप्रति आश्थावान जतिले चाहिंप्प प्रती कठ्ठा बीस देखि पच्चिस केजि धानवाली दिन्छन । त्यसमा पनि आधा भन्दा बढिले दिदैनन। यस्तोमा धर्म संस्कृती जगेर्ना गर्न धौ धौ परेको कुरा महन्त शिव नारारायण पुरी बताएका छन् ।

# सन्तानमा भएको अटिजमले जीवनको लक्ष्य बदलेका आमाहरु

अञ्जली थापा

विवाहपछि सबै महिलाले एउटी श्रीमती र बुहारीका रुपमा देख्ने सपना लगभग उस्तै हुन्छ । आफूलाइ बुझ्ने श्रीमान्, माया गर्ने परिवार, राम्रो कमाई र असल सन्तान ।

यसैगरी, सपना देखेर २४ वर्षको उमेरमा हेटौंडा उपमहानगरपालिका-४ का शेखर थपरियासँग अस्मिता कालिकाले विवाह गरी नयाँ जीवनको सुरुआत गर्नुभएको थियो । उहाँको जीवन साँच्चै सोचेजस्तै थियो पनि ।

अस्मिताको श्रीमान् क्याम्पस पढाउनुहुन्थ्यो । बाँकी समय श्रीमान श्रीमती मिलेर जापानिज भाषा सिकाउने इन्स्टिच्युट चलाउनुहुन्थ्यो । विवाहको चार वर्षपछि उहाँहरुको छोरा जन्मियो । परिवारमा खुसीको सीमा रहेन तर त्यो खुसी दुई वर्ष पनि राम्रोसँग टिक्न सकेन ।"छोरा हुर्कँदै थियो तर छोरामा उमेरअनुसार देखिने विकास नभएको महसुस हुन थाल्यो,"  उहाँले भन्नुभयो, "कोही बच्चा ढिला नै बोल्छन् भनेर चित्त  बुझाउने गर्थें ।"



अस्मितालाई करिब डेढ वर्षसम्म छोरा सामान्य जस्तै लागेको थियो । बोलाउँदा कान नसुनेको जस्तो, एकोहोरो र अन्य बालबालिकासँग घुलमिल हुन छाडेको देखेपछि उहाँले काठमाडौंको कान्ति बाल अस्पतालमा जचाउन लैजानुभयो । चेकजाँचपछि उहाँले जीवनमा ठूलो धक्का महसुस गर्नुभयो ।अस्पतालका चिकित्सकले आफ्नो छोरालाई अटिजम भएको बताएपछि आफू अत्यन्तै विक्षिप्त भएको उहाँ बताउनुहुन्छ । बच्चामा अटिजम रहेको पुष्टि भइसक्दा आफ्नो मनले मान्न तयार नभएको उहाँको भनाइ छ । मनले नमानेकै कारण उहाँले धेरै अस्पतालमा छोराको चेकजाँच गराउनुभयो ।

"जहाँ लगे पनि अटिजम नै हो भन्ने भइसकेपछि म हार खाएर अटिजमबारे खोज सुरु गर्न थालेँ, युट्युब हेरेँ, किताब पढेँ र  त्यसपछि बिस्तारै अटिजमबारे थाहा पाउन थालेँ," उहाँले भन्नुभयो, "मेरो लागि सहज थिएन यो स्वीकार गर्न तर मैले स्वीकार नगर्दा मेरो बच्चालाई थप समस्या हुने थाहा पाएँ र आफूलाई बलियो बनाउन थालेँ ।" त्यसपछि अस्मिता छोराको उपचारका लागि काठमाडौं नै बस्न थाल्नुभयो । यो बीचमा उहाँले नातेदार, छरछिमेक र आफन्तलाई भेटघाट गर्न छोड्नुभएको थियो । जसलाई भेटे पनि बच्चाका बारेमा सोध्ने भएकाले कोहीसँग भेट गर्न मन थिएन ।

अस्मिताको बच्चाको उपचार सुरु हुँदा कोरोना महामारीले लकडाउन सुरु भयो । त्यसपछि उहाँ हेटौंडा फर्किनुभयो । लकडाउनमा छोरालाई उपचार गर्न र सामान्य तरिकाले राख्न गाह्रो भइरहेको अवस्थामा उहाँले आफ्नो जस्तै अटिजमको सङ्केत देखिएको दुई बच्चाका आमाहरुसँग भेट गर्नुभयो । उक्त भेटपछि उहाँहरु तीनजना मिलेर आफ्नै घरको कोठाबाट अटिजम भएका बच्चाहरुका लागि कक्षा सुरु गर्न थाल्नुभयो ।  यसका लागि उहाँहरुले स्वअध्ययन समेत गर्नुभयो । आफू जस्तै समस्यामा परेका अन्य आमाहरु खोज्न थाल्नुभयो ।

अन्ततः 'सेन्टर फर अटिजम' नामक संस्था दर्ता गरेर अटिजम भएका बालबालिकालाई पढाउने, सिकाउने र स्याहार गर्ने कार्यको औपचारिक सुरुआत गर्नुभयो । उहाँहरुको कामलाई हेटौंडा उपमहानगरपालिका र बागमती प्रदेश सरकारले प्रशंसा गरी सहयोग गर्न थालेपछि थप ऊर्जा मिलेको उहाँले बताउनुभयो । नेपालमा यस्ता बच्चाहरुको थेरापीका लागि जनशक्ति नभएको र बाहिरबाट जनशक्ति ल्याएर बच्चाको उपचार गर्न सक्ने हैसियत आम अभिभावकमा नभएकाले उहाँ स्वयं दक्ष बन्न हाल काठमाडौं विश्वविद्यालयमा अटिजमसम्बन्धी विशेष कोर्ष गरिरहनुभएको छ ।

उहाँको कोर्ष अबको केही महिनामा सकिन्छ । त्यसपछि हेटौंडा फर्केर थप जनशक्ति उत्पादनमा लागिपर्ने उहाँको लक्ष्य छ । शैक्षिक परामर्शका लागि कार्यालय सञ्चालन गरेर मनग्ये आम्दानी गरिरहनुभएकी अस्मिताको जीवन सन्तानका कारण परिवर्तन भएको छ । उहाँका अनुसार अटिजम रोग नभएर विशेष अवस्था हो र यस्ता व्यक्तिमा अथाह विशेषता हुन्छन् । बच्चाहरुमा भएको विलक्षण प्रतिभा खोजी गर्ने र सही उपयोगमा लगाउने उहाँको लक्ष्य छ ।

उहाँका अनुसार हाल विश्वप्रख्यात व्यक्ति र वैज्ञानिकमा समेत अटिजम रहेको अध्ययनले पुष्टि गरेको छ । समाजमा रहेका अन्य अटिजम नभएका बालबालिकाका अभिभावकले उक्त समस्या स्वीकार नगर्दा दुःख लाग्ने गरेको अस्मिताको भनाइ छ । अटिजम भएका बालबालिकाका अभिभावकले अटिजमलाई स्वीकार गरी उपचार थालेमा सुधार ल्याउन सकिने उहाँको धारणा छ । उनीहरुमा लुकेका बहुप्रतिभा समाजका निम्ति प्रयोग गर्न सकिन्छ । हाल उहाँको संस्थाबाट चारजना बालबालिका सुधार भएर सामान्य विद्यालयमा भर्ना भइसकेका छन् ।

यस्तै, हेटौंडा-४ कमलडाँडा निवासी उमाकुमारी पौडेलको छोराले बोलाउँदा फर्केर नहेर्ने र फरक व्यवहार देखाएपछि काठमाडौंको कान्ति बाल अस्पतालमा देखाउँदा चिकित्सकले अटिजम भएको बताए । उहाँ पनि त्यसपछि हेटौंडा नै फर्किनुभयो । बच्चाले बेलाबेला बिर्सने, बोल्न छोड्ने समस्या भएपछि छोराको उपचारका लागि उहाँ भारतको दिल्लीसम्म पुग्नुभयो । बच्चालाई अटिजम भएको स्वीकार्न नसक्नुभएकी पौडेलले अटिजमसम्बन्धी तालिम लिएपछि मात्रै बच्चालाई अटिजम भएको स्वीकार्नुभयो ।

अस्मिता र उमा जस्तै हेटौंडाकी निस्ला श्रेष्ठको छोरा १६ महिनाको हुँदा फर्केर नहेर्ने भएपछि चिन्तामा पर्नुभयो । टोलमा छिमेकीले दुई वर्षपछि बच्चा बोल्छ भनेपछि कुरेकी श्रेष्ठले काठमाडौंमा चिकित्सकलाई देखाएपछि मात्रै अटिजमबारे थाहा पाउनुभयो । बच्चालाई अटिजम भएको थाहा भएपछि चिन्तामा पर्नुभएकी अभिभावक श्रेष्ठले 'अटिजम केयर नेपाल' मार्फत तालिम लिनुभयो र अटिजमबारे पूर्ण जानकारी प्राप्त गर्नुभयो ।

समाजमा घुलमिल हुन अप्ठेरो जस्तो भएपछि उहाँले काठमाडौंमै बसेर बच्चाको शिक्षा र उपचार थेरापी गराउन थाल्नुभयो । लकडाउनको समयमा बच्चालाई पूरा समय दिएर बस्न थालेपछि बल्ल अटिजमबारे बुझ्न सफल भएको श्रेष्ठको भनाइ छ । अटिजम भएका बच्चाले आँखा नजुधाउने, एकान्त मन पराउने, आफ्नै सुरमा एक्लै खेल्ने, घुलमिल हुन नचाहने, अरूको कुरा बुझ्न नसक्ने, बोलेर अभिव्यक्त गर्न नसक्ने हुन्छन् । उनीहरू बोले पनि नबुझिने र सामान्य काम गर्न समेत अरूको मद्दत चाहिने हुन्छ । अटिजम भएका बालबालिकालाई विशेष हेरचाहसँगै शारीरिक थेरापी, स्पिच थेरापी, अकुपेसनल थेरापी, बाल मनोपरामर्शसँगै र बाल रोग विशेषज्ञको नियमित सेवा आवश्यक पर्छ ।

'जिन'मा परिवर्तन आएर स्नायु प्रणालीको सहज रूपमा विकास नहुनु, गर्भावस्थामा जथाभावी औषधि खानु, प्रसवको बेलामा शिशुलाई आघात पर्नु, जन्मिँदा दिमागमा अक्सिजनको मात्रा कम हुँदा मानसिक अवस्थामा समस्या आउने गरेको चिकित्सकको भनाइ छ ।

तीनजना अटिजम अभिभावक मिलेर २०७८ सालमा हेटौंडामा 'सेन्टर फर अटिजम मकवानपुर' संस्थाको सुरुआत गर्नुभएको थियो । हाल उक्त संस्थामा मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरभित्रका २४ जना बालबालिका छन् । यहाँबाट चारजनाले मन्टेश्वरी र विद्यालयमा अध्ययन गर्न जानुभएको छ । अटिजम भएकाको अभिभावकबाट आर्थिक स्रोत जुटाएर संस्था चलाउँदै आउनुभएको छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार बागमती प्रदेशको १३ जिल्लामा एक हजार दुई सय ५३ जनामा अटिजम भएको तथ्याङ्क छ । प्रदेशमा अटिजम भएकामा सबैभन्दा बढी काठमाडौंमा चार सय ९५ र चितवनमा सय १३ जना छन् । ललितपुरमा ८३, भक्तपुरमा ७८, मकवानपुरमा ७७, काभ्रेपलाञ्चोकमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुलीमा ६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३, रामेछापमा २८ जना र रसुवामा १७ जना बालबालिकामा अटिजम देखिएको छ ।

जनगणनाअनुसार नेपालमा दुई हजार छ सय २८ जना महिलासहित चार हजार आठ सय ८६ जनामा अटिजम भएको छ । भौगोलिक अवस्था अनुसार हिमालमा दुइ सय १० महिलासहित तीन सय २८ जना, पहाडमा एक हजार एक सय ५० जना महिलासहित दुई हजार दुइ सय २९ जना र मधेसमा एक हजार दुई ६८ महिलासहित दुई हजार दुइ सय २९ जनामा अटिजम भएको तथ्याङ्क छ ।

सन् २०२३ को नयाँ तथ्याङ्कअनुसार ३६ जना बच्चामध्ये एकजनालाई अटिजम भएको पाइएको छ । भारतमा आठ करोड मानिसमा अटिजम भएको अनुमान छ । श्रीलङ्कामा दुई लाख मानिसलाई अटिजम भएको अनुमान गरिएको छ । अटिजमलाई एक जटिल प्रकारको मस्तिष्कको विकासात्मक तथा जन्मजात अपाङ्गता मानिन्छ । शारीरिक रूपमा अपाङ्गता स्पष्ट नहुने र व्यावहारिक रूपमा मात्र चिनिने भएकोले यो अवस्था सानो उमेरमा पत्ता लगाउन समस्या हुने गरेको अटिजम भएका बालबालिकाको अभिभावकको अनुभव छ ।

# सबै धर्मको अर्थ शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापनाः राष्ट्रपति



धरान । राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिमा जो जसले गठबन्धन बनाए पनि मुलुकको विकास र सुशासन प्रवर्द्धनका लागि सबैको एउटै मूलमन्त्र र गठबन्धन हुनुपर्नेमा जोड दिनुभएको छ ।

मंगलबारदेखि सुरु भएको १२ वर्षे कुम्भमेलाको उद्घाटन तथा उहाँको सम्मानमा गरिएको नागरिक अभिनन्दन ग्रहण गर्दै राष्ट्रपति पौडेलले निमुखा जनताको निर्बाध स्वतन्त्रता उपयोग गर्न पाउनुपर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको दर्शनलाई सबैले आत्मसात् गर्न आग्रह पनि गर्नुभयो ।

"जनता आफैँले बनाएको संविधानमा व्यवस्था भएका सबै अधिकारले निमुखा जनतालाई निर्बाध स्वतन्त्रता उपयोग गर्ने विषयलाई नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य मानेको छ", उहाँले भन्नुभयो, "यो दर्शनलाई आत्मसात् गर्दै राजनीतिमा जो-जो जताजता भए पनि दिगो विकास, सुशासन र मुलुकको समृद्धिका लागि सबैको एउटै मूलमन्त्र र एउटै गठबन्धन हुन आवश्यक छ ।"

उहाँले कुम्भ प्रारम्भ भएको आजको यो पवित्र दिनले गणतन्त्रले बोकेको दर्शनलाई सार्थक रूप दिन हामी सबैलाई सत्प्रेरणा मिलोस् भन्ने कामना गर्नुभयो । राष्ट्रपति पौडेलले धर्मको अर्थ विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना गर्नुभएको र बुद्ध, ईशा र हजरत महमदले पनि यही भनेको उल्लेख गर्दै वैदिक मन्त्र द्रष्टाहरूले हजार वर्षपहिले नै अहिलेको विश्वको कोलाहल र जलवायु परिवर्तनको समस्याको त्यतिबेलै समाधानबारे उल्लेख गरेको विचार व्यक्त गर्नुभयो ।

"धर्मको अर्थ विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको स्थापना गर्नु हो । बुद्ध, ईशा र हजरत महमदले यही भनेका हुन् । आर्य वैदिक सनातनीहरूले हजारौँ वर्ष पहिलेदेखि भन्दै आएको कुरा हो यो । वेदमा भनिएको छ, 'ॐ द्यौ शान्तिरन्तरिक्षः शान्तिः रापशान्तिः...इत्यादि', राष्ट्रपति पौडेलले भन्नुभयो, "त्यो बेला आजको जस्तो जलवायु परिवर्तन भएको थिएन । सायद हाम्रो वरपरको वातावरण प्रदूषित भइसकेको थिएन । तैपनि वैदिक मन्त्र द्रष्टाहरूले हावा, पानी, माटो र वायुमण्डल एवं वनवृक्षहरू समेतको शान्तिको कामना गरे । त्यतिमात्र हैन विश्वदेवा शान्ति, ब्रह्म शान्तिसम्मको आराधना गरे । त्यसैले अबको युग वैदिक संस्कृतिको पुनरुत्थानको युग मान्दा र त्यो अनुसारको चिन्तन र आचरणमा चल्न सक्ने हो भने आजको जलवायु परिवर्तन र अन्तर्राष्ट्रिय कलहको समेत समाधान भेटिनेछ भन्ने मलाई लाग्छ ।"

**राष्ट्रपति पौडेलले आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन, विभिन्न जातजाति, धर्म, लिङ्ग र सम्प्रदायका व्यक्तिलाई एकै सूत्रमा बाँध्न सक्ने, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमिकताको संरक्षण, संवर्द्धन गर्न सकिने उद्देश्य राखेर आयोजना गरिएको कुम्भ मेला नेपालकै गौरव भएको बताउँदै गौरवपूर्ण यो अवसरलाई सदुपयोग गर्दै धार्मिक पर्यटकीय गन्तव्यको विकास गर्ने कार्यमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।**

उहाँले त्यतिमात्र नभएर पूर्वीय दर्शनले अभिप्रेरित गरेको सबै जात, जाति, धर्म, सम्प्रदाय, भाषाभाषीबीचको समभाव र एकता नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पनि मूल लक्ष्य भएको पनि स्पष्ट पार्नुभयो ।

उहाँले ऋषिमहर्षिहरूको तपोभूमि, देवदेवीहरूको क्रिडास्थली, एक पवित्र तीर्थस्थल बराहक्षेत्रको वक्षस्थलमा रहेको प्राचीन हरिद्वार चतराधामको पवित्र कुम्भ नगरीमा सहभागी हुन पाउँदा सुखानुभूति भएको उल्लेख गर्दै चतराधाम नेपालका चार धाममध्येको एक धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मात्र होइन विश्वकै चार पवित्र क्षेत्रमध्येको एक मानिएको पनि बताउनुभयो ।

राष्ट्रपति पौडेलले नेपाल भौगोलिक, आध्यात्मिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले उच्चतम स्थान भएको र हिमालयको काखमा अवस्थित सुन्दर र शान्त नेपालमा कैयौँ महिमामय प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थल तथा प्रकृतिको वरदानका रुपमा प्रशस्त नदीनाला, हिमशृंखला, तालकुण्ड, आश्रम वा तपोभूमिहरू रहेको उल्लेख गर्दै परापूर्वकालदेखि नै हिमशृंखलाबाट उद्गम भएर बग्ने पवित्र नदीहरूको प्रवाह, महान् व्यक्तित्वहरूको जन्म, तपसाधना र उहाँहरूबाट मानवजातिको सर्वोत्तम हितका लागि व्यक्त विचारका कारण यसको आफ्नै महत्व र महिमा रहँदै आएको पनि बताउनुभयो ।

राष्ट्रपति पौडेलले आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धन, विभिन्न जातजाति, धर्म, लिङ्ग र सम्प्रदायका व्यक्तिलाई एकै सूत्रमा बाँध्न सक्ने, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता र सार्वभौमिकताको संरक्षण, संवर्द्धन गर्न सकिने उद्देश्य राखेर आयोजना गरिएको कुम्भ मेला नेपालकै गौरव भएको बताउँदै गौरवपूर्ण यो अवसरलाई सदुपयोग गर्दै धार्मिक पर्यटकीय गन्तव्यको विकास गर्ने कार्यमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले विभिन्न देशका भक्तजनरू एकै ठाउँमा भेला भई विद्वत् सम्मेलन गर्ने, कुम्भ मेलाकै अवसरमा सामूहिक व्रतबन्ध गर्ने, साहित्यिक गतिविधिहरू सञ्चालन गरिनुले सामाजिक जागरणमा समेत सकारात्मक भूमिका खेल्ने अपेक्षा पनि व्यक्त गर्नुभयो । राष्ट्रपति पौडेलले स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक, सद् भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्यलाई साकार रुप दिन आवश्यक भएको पनि बताउनुभयो ।

"यस क्षेत्रको संरक्षण र संवर्द्धन तथा समग्र विकासका लागि विस्तृत अध्ययन गरी गुरुयोजना तयार गर्ने र अल्प, मध्य तथा दीर्घकालीन रुपमा गरिनेसहित पूर्वाधार निर्माणका काम गर्नुपर्ने आवश्यकता मैलै देखेको छु", उहाँले भन्नुभयो, "तीनै तहका सरकारले आफ्नो बजेट, नीति तथा कार्यक्रमभित्र समावेश गरी यस्ता धार्मिक तथा ऐतिहासिक क्षेत्रलाई आकर्षक पर्यटकीय क्षेत्रका रुपमा विकास गरी मुलुकको समृद्धिमा योगदान पुर्‍याउन सकिने पनि मैले ठानेको छु ।"

उहाँले स्कन्दपुराणको हिमाद्रि खण्डको अध्ययनपश्चात् अमृतका थोपा मात्र झरेका ठाउँमा मित्रराष्ट्र भारतका चार स्थानहरू प्रयाग, नासिक, उज्जैन र हरिद्वारमा कुम्भमेला लागिरहेको सन्दर्भमा नेपालमा अमृतको तर बटारेर पिण्ड नै राखेको ठाउँमा कुम्भमेला लगाउनु झन् युक्तिसङ्गत हुन्छ भन्ने शास्त्रार्थ गरेर शङ्कराचार्य, जगद्गुरु, धर्माचार्य एवं विशिष्ट सन्त, महन्तसमेतलाई सहभागी गराई नेपालको कुम्भलाई विश्वकै कुम्भका रुपमा स्थापित गराउन गर्नुभएको प्रयासका लागि जगत्गुरुको प्रशंसा पनि गर्नुभयो ।

यसैबीच, राष्ट्रपतिले श्रीराधा सर्वेश्वर मन्दिरमा दर्शन तथा पूजा, अर्चना गर्नुभयो भने त्यहाँ निर्माण गरिएको आचार्य केशवशरण स्मृति भवनको समुद्घाटन पनि गर्नुभएको थियो । महाकुम्भ मेलाको सफलताको शुभकामना व्यक्त गर्दै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले कुम्भमेलाले बराहक्षेत्रको आर्थिक समृद्धिका लागि पनि महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । उहाँले सरकारले यस्ता धार्मिक मेलाहरुलाई सामान्य पूजाआजाका रुपमा मात्र नलिई यसले देशकै पर्यटन तथा आर्थिक गतिविधि चलायमान बनाउने अवसरका रुपमा लिएर सहयोग गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकार सबै संस्कृति, भाषा, धर्मको संरक्षक हो । त्यसैले भौतिक विकास मात्र होइन मानवीय विकासमा पनि कोशी प्रदेश सरकारले विभिन्न क्षेत्रका धार्मिक क्षेत्रको विकासमा सहयोग गरिरहेको छ ।" संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङलगायतले महाकुम्भको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । कुम्भमेलाका संस्थापक तथा नेपालका प्रथम जगद्गुरु बालसन्त मोहनशरण देवाचार्यले शास्त्रहरुमा चतरामा कुम्भमेला लगाउने प्रशस्त आधार भेटिएकाले यहाँ कुम्भमेला लगाउन सुरु गरिएको बताउनुभयो । उहाँले कुम्भमेलामा सहभागी बन्न सबै नेपालीमा आह्वान गर्नुभयो ।

विसं २०८१ वैशाख २८ गतेसम्म सञ्चालन हुने महाकुम्भ मेलामा देश विदेशबाट करिब ३० लाख दर्शनार्थी सहभागी हुने आयोजकको अनुमान छ । विगतमा भारतका विभिन्न स्थानमा मात्र कुम्भमेला लाग्ने गरेकोमा २०५९ सालबाट सुनसरीको चतरामा पनि कुम्भमेला लाग्न थालेको हो । चतरामा हरेक ६ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्ण कुम्भमेला लाग्ने गरेको छ ।

### हनुमान कथा वाचन

महाकुम्भकै अवसरमा चतरास्थित रामानन्दाचार्य सेवा पीठले पनि आजबाट नवरात्र अनुष्ठान सुरु गरेको छ । अनुष्ठानअन्तर्गत रामचरित मानस नवपाठ परायण, वाल्मीकि रामायणपाठ, दुर्गासप्तसती चण्डीपाठ, राम पञ्चाङ्ग, चन्द्रकला सखीबाट राम कथा वाचनलगायत कार्यक्रम सुरु गरेको छ । पीठले वैशाख १ देखि सङ्कटमोचन श्रीहनुमद महायज्ञ गर्ने र वैशाख ५ मा पीठको निमन्त्रणमा भारतको बागेश्वर धामका कथावाचक धीरेन्द्र शास्त्री (बागेश्वर सरकार) सहभागी हुने कार्यक्रम छ । शास्त्रीले चतरामा वैशाख ९ गतेसम्म हनुमान कथा वाचन गर्ने आयोजकले जनाएको छ ।रासस

## लगानी सम्मेलन सफल बनाउन विकास साझेदारसमक्ष प्रधानमन्त्रीको आग्रह



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लगानी सम्मेलन सफल बनाउन नेपालस्थित कूटनीतिक नियोग र विकास साझेदारसमक्ष आग्रह गरेका छन् ।

सिंहदरबारमा मंगलबार आयोजित नेपालस्थित कूटनीतिक नियोग एवं विकास साझेदारहरूको बैठकमा प्रधानमन्त्रीले नेपाललाई लगानी गन्तव्यको रूपमा स्थापित गर्न कुटनितीक नियोगहरुको सहयोग आवश्यक रहेको बताएका हुन् । उनले लगानी सम्मेलनमा सक्रिय रूपमा संलग्न हुन र अधिकतम क्षमता बढाउन विकास साझेदारहरू, द्विपक्षीय र बहुपक्षीय विकास साझेदार संस्थाहरू र नेपालमा रहेका कूटनीतिक नियोगहरूबाट सहयोगको अपेक्षा गरेको बताए ।

सङ्घीय सरकारका मन्त्रालयहरूसँगै प्रादेशिक र स्थानीय सरकारका परियोजनालाई समान प्राथमिकतामा राखिएको जानकारी गराउँदै प्रधानमन्त्री प्रचण्डले सरकार लगानीमैत्री वातावरण बनाउन कानुन परिमार्जन, प्रक्रियागत सुधार गर्न र परियोजना अवधिभर लगानीकर्तालाई अवरोध हुन नदिने वातावरण सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको स्पष्ट पारे ।

"सम्मेलनले घरेलु निजी क्षेत्र र अन्तर्राष्ट्रिय प्रतिनिधिबीचको अन्तरक्रिया र सञ्जाललाई उत्पादन मूल्य शृंखलामा लगानी बढाउन, नेपाली उत्पादन एवं सेवालाई विश्व बजारमा जोड्ने मञ्च प्रदान गर्नेछ", प्रधानमन्त्रीले भने, "लगानी सम्मेलनको यस मञ्चले लगानीकर्ताहरू, विकास साझेदारहरू, वित्तीय संस्थालगायत सरोकारवालालाई एकजुट हुन, अवसर खोज्न, दीर्घकालीन साझेदारीलाई बढावा दिन सहज तुल्याउनेछ ।"

> "लगानी सम्मेलनको यस मञ्चले लगानीकर्ताहरू, विकास साझेदारहरू, वित्तीय संस्थालगायत सरोकारवालालाई एकजुट हुन, अवसर खोज्न, दीर्घकालीन साझेदारीलाई बढावा दिन सहज तुल्याउनेछ ।"

उनले विद्यमान र सम्भावित लगानीकर्तालाई आवश्यकपर्ने कुनै पनि सहयोग उपलब्ध गराउन नेपाल सरकार तयार रहेको बताए । सरकारले विभिन्न क्षेत्रमा विदेशी तथा स्वदेशी निजी लगानी आकर्षित गर्न सम्मेलन आयोजना गरेको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले लगानी सम्मेलनको सफलता सम्भावित लगानीकर्ताले देखाएको चासो, कानुनी र नीतिगत सुधारहरूमार्फत अनुकूल व्यापार वातावरणको सिर्जना गरिएको बताए ।

## आर्थिक उन्नतिका लागि निजी क्षेत्रको प्रवर्द्धनमा सरकार गम्भीर :परराष्ट्रमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले आर्थिक उन्नतिका लागि निजी क्षेत्रको प्रवर्द्धन र सुरक्षा गर्न सरकार अत्यन्तै गम्भीर रहेको बताएका छन्

नेपाल चेम्बर अफ कमर्सको ७३औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले मुलुकको आर्थिक अवस्था परिवर्तनका लागि सरकार गम्भीर रहेको बताउदै पुँजी वृद्धि र पुँजीगत खर्च कार्यान्वयन क्षमतामा वृद्धि गर्दै निर्यात प्रवर्द्धन गरेर व्यापार घाटा कम गर्नुपर्ने अहिलेको आवश्यकता भएको बताए । उनले त्यसका लागि निजी क्षेत्र र सरकारबीच खुला छलफल र बहस गर्नुपर्नेमा जोड दिएका थिए ।



आर्थिक क्रियाकलापलाई गति दिन सरकारको नीति योजना र बजेट त्यहीअनुसार हुनुपर्ने र मुलुक विप्रेषण, राजस्व र विदेशी सहयोगका आधारमा राज्य चलाउने सोचको अन्त्य गर्नुपर्ने उनको भनाई थियो । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले मुलुकको बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वयमार्फत आर्थिक समृद्धि हासिल गर्नुपर्नेमा जोड दिदै आगामी बजेट वस्तुनिष्ठ र कार्यान्वयनमुखी हुनुपर्ने सुझाव दिएका थिए ।

अध्यक्ष मल्लले भने, "बजेट सधैँ महत्वाकांक्षी र ठूलो आकारको बनाउने तर स्रोतको अभावमा पछि घटाउने गरिएको छ । बजेट यथार्थपरक एवं घाँटी हेरी हाड निल्न सक्ने हुनुपर्दछ ।" आर्थिक गतिविधि विस्तार गरी राजस्व लक्ष्य वृद्धि गर्नुपर्नेमा उनले जोड दिएका थिए । करको दर नभई दायरा विस्तार गरेर नागरिकतासँगै प्यानकार्ड दिने व्यवस्था गर्नुपर्ने अध्यक्ष मल्लको धारणा थियो ।

अर्थतन्त्रको बाह्य सूचकमा सुधारका केही सङ्केत देखिए पनि आन्तरिकतर्फ सुस्तता कायमै रहेको अध्यक्ष मल्लले बताए । आयातको तुलनामा निर्यात निकै कम हुँदा यस वर्ष पनि व्यापार घाटा उच्च हुने देखिएको उनको भनाइ थियो । पुँजीगत खर्च हुन नसक्ने तथा उत्पादनशील क्षेत्रमा लगानी प्रवाह हुन नसक्दा ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने सरकारी लक्ष्य पूरा हुनेमा चुनौती रहेको अध्यक्ष मल्लले बताए । मुलुकलाई आत्मनिर्भर बनाउन अर्थतन्त्रका हरेक क्षेत्रमा उत्पादन र उत्पादकत्व बढ्नु अनिवार्य रहेको उनको भनाई थियो ।

## उपनिर्वाचनका लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशन

**टुडे समाचारदाता**

इलाम । इलाम क्षेत्र नं २ को उपनिर्वाचनका लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशन प्रकासन गरिएको छ ।

निर्वाचन कार्यालय इलामका प्रमुख केशवप्रसाद घिमिरेका अनुसार नाम फिर्ता लिने समय एक बजेसम्म तोकिएको थियो भने तीन बजे सम्म अन्तिम नामावली र चार बजेसम्म उम्मेदवारहरुलाई चुनाव चिन्ह प्रदान गरिएको छ ।

कार्यतालिकाअनुसार चैत २८ देखि वैशाख १२ सम्म प्रचारप्रसारका लागि समय तोकिएको छ भने वैशाख १५ बिहान सातदेखि साँझ पाँच बजेसम्म मतदानको लागि समय तोकिएको छ । उपनिर्वाचनका लागि २० उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । बाह्र दल र आठ स्वतन्त्र उम्मेदवारले उम्मेदवारी मनोनयन गराएको आयोगले जनाएको छ । यो उपनिर्वाचनमा महिला उम्मेदवारको संख्या शून्य छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टीले साझा उम्मेदवारका रूपमा एमालेका सुहाङ नेम्वाङलाई मैदानमा ल्याएका छन् । नेपाली कांग्रेसबाट डम्बरबहादुर खड्का, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मिलनकुमार लिम्बू तथा पहिचान पक्षधरतर्फबाट डकेन्द्रसिंह थेगिमले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

जनमत पार्टीका प्रेमबहादुर लिम्बू, नेपाल मजदुर किसान पार्टीका श्यामबहादुर दर्जी, मङ्गोल नेसनल अर्गनाइजेसनका मनीबहादुर लिम्बू, नेसनल रिपब्लिक नेपालका धनराज रानामगर, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)बाट जितबहादुर राई उम्मेदवार बनेका छन् ।

राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम साह, राप्रपा नेपालका गणेशबहादुर चौहान, नेपाली जनता दलका रेशमबहादुर सुनार नेपालीले उम्मेदवारी दर्ता गराए । स्वतन्त्रबाट डाकप्रसाद गौतम, मनोज निरौला, अर्जुनकुमार साही, केशवकुमार चापागाईं, दीपेश बोहोरा, योगेन्द्र गुरुङ र राज बस्यालले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।


**Madhesh Provincial Government**

**Ministry of Home Affairs, Communication and Law**

**Janakpurdham, Dhanusha**

**Invitation for Online Bids**

**Notice publication date : 2080/12/28(10th April, 2024)**

The ministry of home affairs, communication and Law, Madhesh Pradesh, Janakpurdham,Dhanusha invites online bids for Nepalese eligible bidders for the following projects under NCB procedures. Eligible bidders may obtain the further information from office / ministry during the office hour or bidders may visit the office website.moiac.madhesh.gov.np.Only online bids will be accepted.

| S. N. | Name of ministry | IFB No/Notice No. | Job Description | Date of publication / time | Last date of bid submission / time | Estimated ammount | Bid documents amount | Bid Security amount |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Ministry of home affairs, Communication and Law, Madhesh, Pradesh, Janakpurdham | MOIACL/NCB/WORKS/2081-081/001 | Purchase of Fire Fighter Vehicle | 2080-12-28 (10th April 2024) /10:00 AM | 2081-01-27 (9th May2024)/12:00 PM | 1,58,00,000 with VAT | 3000/- | Rs.3,95,000/- |
| **Bank detail & Address of Bank** | | **Name of the Bank:** Rastriya Banijya Bank Ltd.<br>**Name of Office:** Ministry of Internal Affairs and Communication, Madhesh, Pradesh<br>**Office Code no:** 3140017012<br>**Office Account no:** KA-11001 | | | **Bank Address:** Janakpurdham.<br>**Account Name:** Ministry of internal affairs and communication<br>**Rajaswa (revenue) Shirshak no.:** 14229<br>**Account Number:** 1220100202030000 | | | |

# गाजा युद्धको छ महिनापछि युद्धविराम प्रस्तावको अध्ययन गर्दै हमास

**एएफपी**

गाजा क्षेत्र । दक्षिणी गाजामा फर्केका प्यालेस्टिनीहरूले इजराइली सैनिकहरूको फिर्तीपछि बाँकी रहेको विनाशको सीमाको सामना गरेको भन्दै हमासले कायरोमा भएको पछिल्लो चरणको प्रस्तावित युद्धविरामको नयाँ रूपरेखाबारे विचार गरिरहेको मङ्गलबार बताएको छ ।



सबैभन्दा रक्तपातपूर्ण गाजा युद्धको छ महिनापछि कतार, इजिप्ट र अमेरिकाका मध्यस्थकर्ताहरूले अर्को अस्थायी युद्धविरामको प्रस्ताव राखेको हमासको एक स्रोतले बताएको छ । तीन भागको प्रस्तावले इजराइलमा प्यालेस्टिनी कैदीहरूका लागि हमासले कब्जामा राखेका बन्धकहरूको आदानप्रदानको सुविधा प्रदान गर्न छ साताका लागि लडाइँ रोक्नेछ । मध्यस्थकर्ताहरूको प्रयासको 'प्रशंसा' गर्दै हमासले मङ्गलबार वार्ताका क्रममा इजराइलमाथि आफ्नो कुनै पनि मागको जवाफ नदिएको आरोप लगाएको छ । "यस्तो अवस्था भए पनि आन्दोलनको नेतृत्वले प्रस्तावको अध्ययन गरिरहेको छ", हमासले एक विज्ञप्तिमा भनेको छ ।

महिनौंको भीषण लडाइँपछि इजराइलले सप्ताहन्तमा दक्षिणी सहर खान युनिसबाट आफ्नो सेना हटाएको घोषणा गरेको छ । रफाहमा घुसपैठसहित युद्धको अर्को चरणको तयारीमा सैनिकहरूलाई मद्दत होस् भनेर सेना हटाएको उसले बताएको छ । इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले सोमबार अब गाजा क्षेत्रको सबैभन्दा दक्षिणी सहरमा स्थल सेना पठाउने मिति तय गरिएको बताउनुभएको थियो । उक्त सहरमा अधिकांश विस्थापित प्यालेस्टिनी बस्छन् ।

विदेशी शक्ति र मानवतावादी समूहहरूले ठूलो मात्रामा नागरिक हताहत हुने डरका कारण उक्त सहरमा कुनै अभियान सञ्चालन नगर्न इजराइलसँग आग्रह गरेका छन् । यद्यपि नेतान्याहु र उहाँका सैन्य कमान्डरहरूले त्यसो नगरे हमासमाथि विजय हासिल गर्न नसकिने बताउनुभएको छ । "कारवाही हुनेछ, तारिख १ हो, यसमा समय निर्दिष्ट गरिएको छैन", नेतान्याहुले भन्नुभयो । जवाफमा इजराइलको मुख्य समर्थक अमेरिकाले रफाह अपरेसनप्रति आफ्नो आपत्ति दोहोर्याउँदै यसले 'अन्ततः इजराइलको सुरक्षालाई क्षति पुर्याउने' बताएको छ । इजराइलका रक्षामन्त्री योभ ग्यालेन्टले गाजामा हमला जारी राखिने बताए पनि यसलाई 'युद्धविरामका लागि सही समय' भन्नुभएको थियो ।


इजराइलमाथि आफ्नो युद्ध रोक्न र भोकमरीको क्षेत्रमा थप मानवीय सहायताको अनुमति दिन व्यापक अन्तर्राष्ट्रिय दबाबको सामना गर्नुपरिरहेका बेला सेनाको फिर्ती भएको हो । अक्टोबर ७ को हमलापछि युद्ध सुरु भयो र इजराइली नाकाबन्दीले गाजाबासी खाना, पानी र अन्य आधारभूत आपूर्तिबाट वञ्चित भएका छन् । सहायता वितरणबाट चरम अभावलाई न्यूनरूपमा कम गरिएको छ । मानवतावादी समूहहरूले आपूर्तिको कमीबाट आसन्न 'मानव निर्मित' अनिकाललाई रोक्न नसकिने चेतावनी दिएका छन् ।

गाजा क्षेत्रमा सहायता प्रवाहको व्यवस्थापन गर्ने इजराइली संस्था सिओजिएटीका अनुसार सोमबार चार सय १९ ट्रकलाई गाजा क्षेत्रमा प्रवेश गर्न अनुमति दिइएको छ । यो युद्ध सुरु भएपछि एक दिनमा सबैभन्दा ठूलो प्रवेश अनुमति हो । युद्ध रोक्ने पछिल्लो प्रस्तावमा छ साताको युद्धविराम हुने र नौ सय प्यालेस्टिनी कैदीहरूको बदलामा इजराइली महिला र बालबालिका बन्धकलाई रिहा गरिने उल्लेख भएको हमासको एक स्रोतले सोमबार बताएको छ । उक्त सम्झौताले गाजा क्षेत्रको उत्तरमा विस्थापित प्यालेस्टिनी नागरिकहरूको फिर्ती र प्रतिदिन चार सयदेखि पाँच सय ट्रकलाई खाद्य सहायताको अनुमति पनि दिने स्रोतले बताएको छ ।

गतिरोधसँगै समाप्त भएको वार्ताको मध्यस्थताको पछिल्लो चरणमा हमासले व्यापक युद्धविराम, गाजा क्षेत्रबाट इजराइली सेनाको पूर्ण फिर्ती र सहायता वितरणमा नियन्त्रणको माग गरेको छ । महिनौंको वार्ता र मध्यस्थता कूटनीति जारी रहे पनि अहिलेसम्म एउटा मात्र युद्धविराम सम्झौता नोभेम्बरमा भएको थियो । उक्त सम्झौताअन्तर्गत ७८ बन्धक र सयौं प्यालेस्टिनी कैदीलाई रिहा गरिएको थियो ।

# प्रदेशस्तरीय क्रिकेट मैदान बनाइने

**दमौली**। तनहुँकोशुक्लागण्डकी नगरपालिका-८ गणपतिस्थित गाउँफर्कोदयमाध्यमिकविद्यालयको खेलमैदानलाई प्रदेशस्तरीय क्रिकेट मैदान बनाइने भएको छ । प्रदेश सरकारको यही चैत ९ गते बसेको मन्त्रिपरिषद्को बैठकले शुक्लागण्डकीमा प्रदेशस्तरीय क्रिकेट मैदान बनाउने निर्णय गरेको हो ।



त्यसका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमार्फत रु ४० लाख बजेट विनियोजन भएको पत्र नगरपालिकालाई प्राप्त भएको नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो ।

पण्डितले भन्नुभयो, "मन्त्रिपरिषद्ले निर्णय गरेबमोजिम रु ४० लाख बजेट विनियोजन भएको औपचारिक पत्र नगरपालिकालाई आएको छ, क्रिकेट मैदान निर्माणका लागि प्रदेश सरकारसँग साझेदारी गर्न तयार रहेका छौं ।" नगरपालिकाले उक्त मैदानलाई नगर रङ्गशालाको अवधारणाअनुसार आर्थिक वर्ष २०८०/८१ को नगरसभाबाट रु ८० लाख बजेट विनियोजन गरेको पण्डितले बताउनुभयो ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले क्रिकेट खेलमैदान निर्माणका लागि सम्झौता गर्न आउन नगरपालिकालाई परिपत्र गरेको छ । आगामी वैशाख १५ गतेभित्र आर्थिक वर्ष २०८०/८१ को नगरसभाबाट रु ८० लाख विनियोजन भएको निर्णयको प्रतिलिपि, आर्थिक वर्ष २०८१/८२ मा सो खेलमैदानका लागि नगरसभाबाट बजेट सुनिश्चितता गरिने प्रतिबद्धतापत्र, खेलमैदानको विस्तृत स्वीकृत लागत अनुमान, नक्साको प्रतिलिपिसहित सम्झौताका लागि आग्रह गरिएको मन्त्रालयका उपसचिव प्रकाश देवकोटाले जानकारी दिनुभयो ।

शुक्लागण्डकीमा प्रदेशस्तरीय क्रिकेट खेलमैदान निर्माण हुनु सकारात्मक रहेको तनहुँ क्रिकेट सङ्घका अध्यक्ष मदन तिमिल्सिनाले बताउनुभयो । जिल्लामा क्रिकेट खेलतर्फ आकर्षण भए पनि पूर्वाधार नहुँदा समस्या भइरहेको उहाँको भनाइ छ ।

उनले भने, "जिल्लामा क्रिकेटका गतिविधि बिस्तारै बढ्दैछन्, यसतर्फ खेलाडी आकर्षित भइरहेका छन् तर मैदान नहुँदा प्रतियोगिता गर्न समस्या भइरहेको छ ।" राम्रो खेलमैदान निर्माण गर्न सकिए क्रिकेटको विकासमा टेवा पुग्ने उहाँको भनाइ छ ।


क्रिकेट खेलतर्फ आकर्षण बढे पनि जिल्लामा क्रिकेटको पूर्वाधार नहुँदा खेलाडी निराश छन् ।

खेलमैदान नहुँदा खेलाडीले खेल प्रस्फुटन गर्ने अवसर नपाएको क्रिकेटप्रेमी कविराज श्रेष्ठको भनाइ छ ।रासस

# टेस्ला भारतमा बलियो उत्पादन उपस्थिति स्थापना गर्ने योजनामा छ- एलन मस्क

**एएनआई**

नयाँदिल्ली । टेस्ला कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) एलन मस्कले अन्य मुलुकमा जस्तै भारतमा पनि विद्युतीय कार हुनुपर्ने बताउनुभएको छ । उहाँले टेस्लाले भारतमा विद्युतीय सवारी साधन उपलब्ध गराउनु आफ्नो कम्पनीका लागि स्वाभाविक प्रगति हुने बताउनुभयो ।



"भारत अहिले जनसंख्याका आधारमा विश्वको सबैभन्दा ठूलो मुलुक हो, अन्य मुलुकमा भएजस्तै भारतमा विद्युतीय कारहरू हुनुपर्छ, भारतमा टेस्लाले विद्युतीय सवारी साधन उपलब्ध गराउनु स्वाभाविक प्रगति हो", नोर्गेस बैंक इन्भेस्टमेन्ट म्यानेजमेन्टका प्रमुख कार्यकारी अधिकृत निकोलाई टाङ्गेनसँगको 'एक्स स्पेस' सत्रमा उहाँले भन्नुभयो ।

अर्बपति सिइओले भन्नुभयो, "भविष्यमा सबै सवारी विद्युतीय हुनेछन् र यो केवल समयको कुरा हो ।" भारतीय बजारमा आफ्नो उपस्थितिलाई सुदृढ पार्न टेस्लाले भर्खरै आफ्नो प्रयासलाई तीव्रता दिएको छ र अत्याधुनिक उत्पादन कारखाना स्थापना गर्न उपयुक्त स्थानको खोजी गरिरहेको छ । महाराष्ट्र र गुजरातका राज्य सरकारले भारतमा विद्युतीय कारको प्लान्ट स्थापना गर्न टेस्ला उत्पादक कम्पनीलाई आकर्षक जग्गा प्रस्ताव गरेका छन् ।

उक्त प्रस्तावित प्लान्टमा दुईदेखि तीन अर्ब अमेरिकी डलरसम्मको लगानी लाग्ने र यसले अन्तर्राष्ट्रिय बजारहरू पनि लिने बताइएको छ ।

यो कदम भारतको नयाँ 'विद्युतीय सवारी नीति' पछि आएकाले यसले भारतमा विद्युतीय सवारी उत्पादन कारखाना स्थापना गर्न प्रोत्साहन प्रदान गरेको छ । यस योजनाअन्तर्गत भारतलाई अत्याधुनिक प्रविधिले सुसज्जित विद्युतीय सवारी उत्पादन गन्तव्यका रूपमा स्थान दिने लक्ष्य राखिएको छ । साथै देशमा उद्यमशीलतालाई बढावा दिन 'मेक इन इन्डिया' पहललाई समावेश गरिएको छ ।


यस नीतिले ५० करोड अमेरिकी डलरको न्यूनतम लगानी सीमा र घरेलु मूल्य अभिवृद्धि (डिएभी) को महत्त्वपूर्ण स्तर हासिल गर्न उत्पादकहरूलाई प्रोत्साहित गर्न आग्रह गरेको छ । सवारी साधन बनाउन प्रयोग हुने पार्टपुर्जाको २५ प्रतिशत स्वदेशमै प्रयोग गर्नुपर्ने नीतिमा उल्लेख छ ।पैंतिस हजार अमेरिकी डलर वा सोभन्दा बढी मूल्यका सवारी साधनमा निर्माताले तीन वर्षभित्र भारतमा उत्पादन सुविधा निर्माण गरेमा पाँच वर्षका लागि १५ प्रतिशत भन्सार शुल्क लगाइने छ ।

नीति अन्तर्गत आयात गर्न अनुमति दिइएको कूल विद्युतीय सवारी सङ्ख्या लगानीका आधारमा सीमित हुनेछ । यदि ८० करोड अमेरिकी डलरभन्दा बढी लगानी भएमा वार्षिक आठ हजारभन्दा बढी नभई अधिकतम ४० हजार विद्युतीय सवारी साधन आयात गर्न सकिने नीतिमा उल्लेख गरिएको छ ।टेस्लाले उत्पादन सुविधाका लागि भारतको उपयुक्त स्थान खोज्नका लागि विशेषज्ञहरूको टोली पठाउने योजना बनाएको छ ।

गत वर्ष अमेरिकाको ऐतिहासिक चारदिने राजकीय भ्रमणमा रहनुभएका प्रधानमन्त्री नरेन्द्र मोदीले भेटमा आफूलाई भारत भ्रमणको निम्तो दिनुभएको मस्कले बताउनुभयो ।

केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्री पीयुष गोयलले क्यालिफोर्नियामा टेस्ला उत्पादक कम्पनीको भ्रमण गरेपछि अमेरिकी विद्युतीय कार निर्माता टेस्ला भारतबाट आफ्नो कम्पोनेन्ट आयात दोब्बर गर्ने बाटोमा रहेको बताउनुभएको थियो ।

# चिनियाँ राष्ट्रपति सी र रूसी विदेशमन्त्री लाभरोभबीच भेटवार्ता



**सिन्ह्वा**

बेइजिङ । चीनका राष्ट्रपति सी चिनफिङ र रूसी विदेशमन्त्री सेर्गेइ लाभरोभबीच बेइजिङमा मङ्गलबार भेटवार्ता भएको छ ।

चिनियाँ राष्ट्रपति सीले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५ औँ वर्ष गाँठ मनाइँदै गरेको उल्लेख गर्दै चीन र रूसले विश्व समुदायसँग सुमधुर सहअस्तित्व र सबैको हितका लागि सहकार्यको नयाँ मार्गमा अघि बढेको बताउनुभयो ।

यसले दुई देश र त्यहाँका जनता लाभान्वित हुनुका साथै अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायमा बुद्धि भई शक्ति प्राप्त भएको राष्ट्रपति सीले बताउनुभयो । उहाँले भन्नुभयो, "रूसी राष्ट्रपति पुटिन र म चीन-रूस सम्बन्धको सहज र स्थिर विकास सुनिश्चित गर्न घनिष्ठ आदानप्रदानलाई निरन्तरता दिन सहमत भएका छौं । राष्ट्रपति पुटिन र मबीच भएको महत्वपूर्ण सहमतिलाई पूर्णरुपमा कार्यान्वयन गर्न दुवै पक्षले कूटनीतिक सम्बन्ध स्थापनाको ७५ औँ वर्षगाँठ तथा चीन-रुस सांस्कृतिक वर्ष मनाउने अवसरलाई सदुपयोग गर्नुपर्छ ।"

राष्ट्रपति सीले रूसको राष्ट्रिय परिस्थिति सुहाउँदो विकासको मार्गमा हिँड्न, आतङ्कवादविरुद्ध लड्न तथा सामाजिक सुरक्षा र स्थायित्व कायम गर्न रूस र त्यहाँका जनतालाई सहयोग गर्ने कुरामा जोड दिनुभयो ।

आफ्नो मुलुकले चीन-रूस सम्बन्धको विकासलाई सधैं ठूलो महत्व दिएको, रूससँग द्विपक्षीय संवादलाई मजबुत बनाउन र ब्रिक्स तथा साङ्घाई सहयोग सङ्गठनमा बहुपक्षीय रणनीतिक समन्वय बढाउन तयार रहेको सीले बताउनुभयो ।

दुई देशले थप जिम्मेवारी देखाउने, समानता, खुलापन, पारदर्शिता र समावेशिताको भावनामा 'ग्लोबल साउथ'का देशहरूलाई एकताबद्ध गर्ने, विश्वव्यापी शासन प्रणालीको सुधारलाई बढावा दिने र मानवताका लागि साझा भविष्य सहितको समुदाय निर्माणको सशक्त नेतृत्व गर्ने उहाँले बताउनुभयो ।

# राष्ट्रसङ्घको 'एकतर्फी' मानवअधिकार दाबीहरूको म्यान्माको जुन्ताद्वारा आलोचना

**एएफपी**

याङ्गुन । म्यान्माको जुन्ता सरकारले मङ्गलबार आफ्नो मानवअधिकार रेकर्डका बारेमा संयुक्त राष्ट्रसङ्घको 'एकतर्फी आरोपहरूको' आलोचना गरेको छ । साथै उसले सङ्घर्षग्रस्त आफ्नो मुलुकमा राष्ट्रसङ्घको नयाँ विशेष दूतको भर्खरैको नियुक्तिसम्बन्धमा आधिकारिक सञ्चार प्राप्त नभएको बताएको छ ।

छोटो लोकतान्त्रिक प्रयोग समाप्त गर्दै सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेदेखि जातीय विद्रोही समूहहरू र सैन्य विद्रोहविरोधी लडाकूहरूसँगको झडप सुरु भएपछि म्यान्मा अहिले अशान्त छ ।

जुन्ताले राष्ट्रसङ्घ र दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घ (आसियान) गुटले आफू र आफ्ना विरोधीहरूबीच संवाद स्थापित गर्ने प्रयास गरेकामा आक्रोशित प्रतिक्रिया दिएको छ । उसले विरोधीहरूलाई 'नष्ट' गर्ने वाचा गरेको छ ।

गत साता राष्ट्रसङ्घीय अधिकार परिषद्ले म्यान्मामा 'भयानक र व्यवस्थित मानवअधिकार उल्लङ्घन' को निन्दा गर्दै एउटा प्रस्ताव पारित गरेको छ । परिषद्ले मानवीय सहायतामा जुन्ताको 'पूर्ण नियन्त्रण' को पनि आलोचना गरेको छ । प्रस्तावमा २५ लाखभन्दा धेरै नागरिकलाई विस्थापित गर्ने गरी यसले सङ्कटलाई बढाइरहेको बताइएको छ । "उक्त प्रस्तावमा निराधार र एकतर्फी आरोप लगाइएको छ", जुन्ताको विदेश मन्त्रालयले ग्लोबल न्यु लाइट अफ म्यान्मा अखबारमा प्रकाशित एक विज्ञप्तिमा भनेको छ, "यसैले म्यान्मा स्पष्टरूपमा यो प्रस्तावलाई अस्वीकार गर्दछ ।"

विज्ञप्तिमा राष्ट्रसङ्घले गत साता मुलुकमा राष्ट्रसङ्घका लागि विशेष दूतको नियुक्तिका सम्बन्धमा 'म्यान्मालाई कुनै आधिकारिक सञ्चार नगरेको' बताइएको छ । राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अस्ट्रेलियाका पूर्वविदेशमन्त्री जुली बिशपलाई उक्त पदमा नियुक्त गर्नुभएको छ । सन् २०२३ जुनमा नोएलिन हेजर प्रस्थान गरेपछि उक्त पद खाली छ ।

सिङ्गापुरका समाजशास्त्री हेजरलाई सेनासँग विरोधी समूहहरूसँग राजनीतिक छलफलमा सहभागी हुन र आङ सान सु कीको सरकार अपदस्त गरेपछि सुरु भएको रक्तपातपूर्ण कारवाही अन्त्यका लागि आग्रह गर्ने काम सुम्पिएको थियो ।

उहाँले सन् २०२२ मा म्यान्माको भ्रमण गरेर जुन्ता प्रमुख मिन आङ ह्लाइङ र अन्य शीर्ष सैन्य अधिकारीहरूसँग भेट गर्नुभयो । अधिकार समूहहरूले उक्त भेटलाई जनरलहरूलाई उधारो वैधता दिएको रूपमा आलोचना गरेका थिए । यद्यपि हेजरलाई हिरासतमा राखिएकी लोकतन्त्रवादी नेता सु कीसँग भेट गर्न अस्वीकार गरियो र पछि जुन्ता अधिकारीहरू आफूहरूसँग गरिएको कुराकानीप्रति हेजरले 'एकतर्फी विज्ञप्ति' जारी गरेको आरोप लगाउँदै आक्रोशित भएका थिए ।

त्यसपछि उहाँले सु कीसँग भेट गर्न अनुमति नदिएसम्म पुनः म्यान्माको भ्रमण नगर्ने वाचा गर्नुभयो । सु कीले हाल बन्द कोठामा जुन्ता अदालतले सुनाएको २७ वर्षको कारागार सजाय काटिरहनुभएको छ ।




# हेपाटाइटिस भाइरसबाट दैनिक तीन हजार ५०० मानिसको ज्यान जाने गर्छ- डब्ल्यूएचओ

**एएफपी**

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले हेपाटाइटिस भाइरसबाट हरेक दिन तीन हजार पाँच सयभन्दा बढी मानिस मर्ने गरेको र यो संख्या बढिरहेको मङ्गलबार चेतावनी दिएको छ । सङ्गठनले दोस्रो सबैभन्दा ठूलो सङ्क्रामक हत्यारा यस भाइरससँग लड्न छिटो कारवाही गर्न आग्रह गरेको छ ।

यस साता पोर्चुगलमा भएको विश्व हेपाटाइटिस शिखर सम्मेलनका साथ जारी डब्ल्युएचओको प्रतिवेदनअनुसार सन् २०२२ मा एक सय ८७ मुलुकको तथ्याङ्कले भाइरल हेपाटाइटिसबाट मृत्यु हुनेको सङ्ख्या १३ लाख पुगेको देखाएको छ । डब्ल्यूएचओको ग्लोबल एचआईभी, हेपाटाइटिस र यौन सञ्चारित सङ्क्रमण कार्यक्रम प्रमुख मेग डोहर्टीले यो डरलाग्दो प्रवृत्ति भएको बताउनुभयो ।

प्रतिवेदनमा हेपाटाइटिस सङ्क्रमणबाट विश्वभर दैनिक तीन हजार पाँच सयको मृत्यु हुने गरेको र त्यसमा ८३ प्रतिशत हेपाटाइटिस बी र १७ प्रतिशत हेपाटाइटिस सीबाट हुने उल्लेख छ ।प्रतिवेदनमा प्रभावकारी र सस्तो जेनेरिक औषधिले यस्तो भाइरसहरूको उपचार गर्न सकिने र सन् २०२२ मा पुरानो हेपाटाइटिस-बी बाट सङ्क्रमण भएकामध्ये तीन प्रतिशतले मात्र उपचार पाएको उल्लेख छ । हेपाटाइटिस-सीबाट सङ्क्रमितमध्ये २० बीस प्रतिशतको उपचार गरिएको थियो ।

"हेपाटाइटिसको सङ्क्रमणलाई रोक्न विश्वव्यापी रूपमा प्रगति भए पनि मृत्युदर बढ्दै गएको छ", डब्ल्यूएचओ प्रमुख टेड्रोस अधानोम गेब्रेयससले एक विज्ञप्तिमा भन्नुभयो ।अफ्रिकामा पाँचमध्ये एक शिशुलाई जन्मको समयमा खोप लगाइए पनि नयाँ हेपाटाइटिस-बी सङ्क्रमणको ६३ प्रतिशत मामिला देखिएको प्रतिवेदनमा उल्लेख छ । संयुक्त राष्ट्र एजेन्सी डब्ल्युएचओले प्रभावित देशहरूसँग जेनेरिक हेपाटाइटिस औषधिमा पर्याप्त पहुँच नभएकामा पनि दुःख व्यक्त गरेको छ ।

# लगानी सम्मेलनः 'सोकेस'मा १२५ आयोजना, ११ सयभन्दा बढीलाई निम्ता

**काठमाण्डु** । सरकारले आगामी वैशाख १६ र १७ गते (अप्रिल २८ र २९) काठमाडौँमा आयोजना गर्न लागेको तेस्रो लगानी सम्मेलनको तयारी तीव्र पारेको छ।

'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट-२०२४' नाम दिइएको सम्मेलन काठमाडौँस्थित सोल्टी होटलमा आयोजना गर्ने तय भइसकेको छ। लगानी सम्मेलनको मिति नजिकिँदै गर्दा त्यसको पूर्व तयारीका कसरी भइरहेको छ र सम्मेलनबाट अपेक्षाकृत उपलब्धि कसरी हासिल होला भन्नेमा सबैको चासो छ। लगानी आकर्षित गर्न आवश्यक ठानिएका नीतिगत तथा कानुनी स्पष्टता, 'सोकेस'का आयोजनाको पूर्वतयारी, सम्मेलनको प्रचारप्रसार तथा अतिथिलाई निम्ता गर्नेलगायतका कामहरु द्रुत गतिमा भइरहेको सरकारको भनाइ छ।

**"सोकेस" मा एक सय २५ आयोजना**

लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार लगानी सम्मेलनमा 'सोकेस'मा लैजानका लागि एक सय २५ वटा आयोजना पहिचान भएका छन् । जसमध्ये तीनवटाको लगानी सम्मेलनका क्रममा परियोजना विकास सम्झौता (प्रोजेक्ट डेभलपमेन्ट एग्रिमेन्ट-पिडिए) गर्ने तयारी छ। सम्मेलनमा नेपाल-चीनमैत्री औद्योगिक पार्क, माथिल्लो मर्स्याङ्दी-२ जलविद्युत् आयोजना, कोहलपुर तथा वाणगङ्गा सौर्य ऊर्जा आयोजनाको पिडिए सम्झौता हुँदैछ । त्यस्तै, डावर नेपाल प्राइभेट लिमिटेडसँग आयोजना लगानी सम्झौता (प्रोजेक्ट इन्भेस्टमेन्ट एग्रिमेन्ट-पिआईए) को पनि तयारी छ।

सम्मेलनमार्फत् विभिन्न २० वटा आयोजनाका लागि लगानीकर्तासँग आशयपत्र (एक्सप्रेसन अफ इन्ट्रेस्ट-इओआई) माग गरिँदैछ । त्यस्तै, अगाडि बढाउन सकिने सम्भावित आयोजनाका रुपमा 'मार्केट साउण्डिङ प्रोजेक्ट'छ वटा, पहिचानको प्रारम्भिक चरणका ३३ वटा, वित्तीय लगानी जुटाउने अवस्थाका २० वटा आयोजना सोकेसमा लगिँदैछ। त्यस्तै, निजी क्षेत्रको लगानीका १८ वटा, निजी क्षेत्रमार्फत् लगानी प्रवर्द्धन गर्न खोजिएका १२ वटा र अन्य १२ वटा आयोजना पनि 'सोकेस'मा राखिँदैछन् । दुई दिनसम्म चल्ने सम्मेलनमा १० वटाभन्दा बढी सत्र र ५० जनाभन्दा बढी वक्ता रहने अनुमान गरिएको छ।


**एक हजार एक सयभन्दा बढीलाई निम्तो**

लगानी सम्मेलनमा सहभागी हुनका लागि विभिन्न देश, दातृ निकाय तथा विकास साझेदारबाट एक हजार एक सय जनाभन्दा बढी अतिथिका रुपमा निम्ता दिइएकोमा सोमबारसम्म एक सय ३५ जना लगानीकर्ताको सहभागिता सुनिश्चित भएको बोर्डका प्रवक्ता उपाध्यायले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालका ५६ जना, संयुक्त राज्य अमेरिकाका १५, भारतका १२, चीनका छ, कोरियाका पाँच र स्वीजरल्याण्ड, संयुक्त अधिराज्य, जापान तथा पाकिस्तानका समान तीन/तीन जनाको सहभागिता सुनिश्चित भएको छ। त्यस्तै, नेदरल्याण्ड, बहराइन, युरोपेली सङ्घ, युनेस्को, अन्तर्राष्ट्रिय मुद्रा कोष, संयुक्त अरब इमिरेट्सका समान दुई/दुईजनाको सहभागिता सुनिश्चित भएको छ।

साउदी अरेबिया, फिलिपिन्स, मलेसिया, जर्मनी, रुस, नर्वे, माल्दिभ्स, थाइल्याण्ड, साइप्रस, इजिप्ट, श्रीलङ्का, अष्ट्रियालगायत देशका लगानीकर्ता पनि लगानी सम्मेलनमा भाग लिने सुनिश्चितता भइसकेको लगानी बोर्डले जनाएको छ । सम्मेलनमा केही उच्चस्तरीय प्रनिनिधिमण्डल पनि आउने तय भएको प्रवक्ता उपाध्यायले बताउनुभयो।

**सम्मेलनपूर्वका कार्यक्रम**

सम्मेलनका लागि पूर्व तयारीका कामसँगै लगानीकर्ता सम्मिलित 'प्रि-इभेन्ट' आयोजना भइरहेका छन् । भारत, चीन, बङ्गलादेशलगायत देशमा प्रि-इभेन्ट भइसकेको प्रवक्ता उपाध्यायले बताउनुभयो। लगानी बोर्डको कार्यालय र सम्बन्धित देशमा रहेको नेपाली राजदूतावासको सहकार्यमा यस्ता कार्यक्रमहरु आयोजना गरिएको हो । त्यस्तै, सामाजिक सञ्चालबाट पनि सम्मेलनको प्रचारप्रसार भइरहेको छ । लगानी बोर्डले केही समयअघि नेपालमा लगानी सम्भाव्यता पहिचान र आर्थिक विकासका लागि समन्वयात्मक रणनीति शीर्षकमा कार्यशाला आयोजना गरेको थियो। त्यस्तै, सबै प्रदेशका मुख्यमन्त्रीहरुसँग पनि लगानी सम्मेलन निर्देशक समितिले छलफल गरिसकेको छ । सम्मेलनको प्रचारप्रसारका लागि विदेशस्थित नेपाली दुतावास, गैरआवासीय नेपाली, निजी क्षेत्रलगायत सबै संयन्त्र परिचालन भइरहेका छन् ।




**कानुन सुधारको प्रयास**

लगानी सम्मेलनका लागि कानुन सुधारका लागि सिफारिस गर्न गठिन कार्यदलले विभिन्न एक दर्जन ऐन तथा नियमावली संशोधन गर्न सरकारलाई सिफारिस गरिसकेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने तत्कालिन सचिव एकनारायण अर्यालको संयोजकत्वमा गठित ' मौजुदा नीतिगत, संरचनागत एवं प्रक्रियागत सुधारका लागि सुझाव कार्यदल'ले मुलुकमा स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्न एक दर्जन कानुन र नियमावलीमा संशोधन प्रस्तावसहित मुख्यसचिव डा बैकुण्ठ अर्याललाई सुझाव पेस गरेको थियो।

औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लगायत ऐनका व्यवस्था संशोधनको सुझाव दिइएको छ । त्यस्तै, भूमिसम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३, नागरिक उड्ययन ऐन २०५३ का व्यवस्थामा पनि संशोधन गर्न सुझाव दिइएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र वन नियमावली, २०७९ मा समेत संशोधनको आवश्यकता औंल्याइएको छ।

लगानी सम्मेलनअघि यी कानुन संसदबाट पारित भएर आउने न्यून सम्भावना देखिएका कारण अध्यादेशमार्फत् भएपनि कानुन संशोधन गरिने प्रतिबद्धता अर्थमन्त्री वर्षमान पुनले विभिन्न सार्वजनिक कार्यक्रममा जनाउँदै आउनुभएको छ।

लगानी सम्मेलन आयोजना गर्नका लागि सरकारले अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समितिगठन गरेको छ। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा लगानी सम्मेलन सचिवालय छ।

> लगानी सम्मेलन आयोजना गर्नका लागि सरकारले अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समितिगठन गरेको छ ।

सम्मेलनको कार्यतालिका र ढाँचा स्वीकृत गर्ने, लगानीको वातावरण बनाउनका लागि आवश्यक नीतिगत सुधारका क्षेत्र पहिचान गर्ने र सम्मेलनको समग्र पक्ष हेर्नेगरी अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति बनाइएको छ । परराष्ट्र, ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, उद्योग वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपंक्षी विकास, सहरी विकास र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्य सचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, अर्थ सचिव, उद्योग सचिव, निजी क्षेत्रका तीनवटा छाता संस्थाका अध्यक्षहरु निर्देशक समितिमा सदस्य हुनुहुन्छ । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतले निर्देशक समितिको सदस्य सचिवका रुपमा काम गरिरहनुभएको छ।

त्यस्तै, निर्देशक समितिमा पेस गर्ने प्रस्ताव तयार गर्न, सम्बद्ध सरोकारवालासँग आवश्यक समन्वय गर्न र सम्मेलनको समग्र तयारीका लागि निर्देशक समितिलाई आवश्यक सहयोग गर्न मुख्य सचिवको संयोजकत्वमा विषयगत मन्त्रालयका सचिव, राष्ट्र बैंकका डेपुटी गभर्नर र निजी क्षेत्रका छाता संस्थाका अध्यक्ष सदस्य रहनेगरी कार्यान्वयन समिति बनाइएको छ ।लगानी सम्मेलनमा प्रस्तुत हुने आयोजनाको स्थिति विश्लेषण गरी परियोजनाको अवधारणा बनाउन, सम्मेलनमा प्रस्ताव गर्ने आकर्षक र भरपर्दो आयोजनाको विकास गर्न र सम्मेलनमा गरिने विभिन्न समझदारीपत्र तथा सम्झौताको आवश्यक तयारीलगायतका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिव संयोजक रहने गरी विभिन्न विषयगत मन्त्रालयका सहसचिवसहितको प्राविधिक समिति बनाइएको छ । तेस्रो लगानी सम्मेलनको सचिवालय लगानी बोर्डको कार्यालयमा छ।

**निजी क्षेत्र सहआयोजक**

लगानी सम्मेलन आयोजना गर्नका लागि गठित निर्देशक समिति, कार्यान्वयन समिति र प्राविधिक समितिमा निजी क्षेत्रको छाता संस्थाको पनि प्रतिनिधित्व छ। निजी क्षेत्र लगानी सम्मलेनको सहआयोजकका रुपमा रहनेछ। त्यस्तै विदेशमा रहेका गैरआवासीय नेपालीलाई पनि लगानी सम्मेलनमा बढीभन्दा बढी सहभागी गराउने तयारी सरकारको छ । सम्मेलनअघि सम्भावित लगानीकर्तासँग द्विपक्षीय छलफल गरी वास्तविक लगानीकर्ता पहिचान गर्ने र आयोजनामा प्रस्ताव आह्वानदेखि लगानी स्वीकृतसम्मको प्रक्रियामा कसरी सहजीकरण गर्न सकिन्छ भनेर सरकारले काम गरिरहेको छ।

**प्रदेशका आयोजनाको छुट्टै स्टल**


लगानी सम्मेलना प्रदेशस्तरीय योजनाहरु पनि 'सोकेस' मा राखिने भएको छ। चैत १६ गते बसेको लगानी सम्मेलन निर्देशक समितिको बैठकले प्रदेश मुख्यमन्त्रीहरुसँग अन्तरक्रिया गरेको थियो । त्यसक्रममा प्रदेश तहबाट हुने सहभागिता र सम्मेलनमा लगानीका लागि समावेश गर्न सकिने प्रादेशिकस्तरका आयोजनाका लागि तयारी गर्न निर्देशन दिइएको छ । प्रदेशस्तरका तयारी अवस्थामा रहेका वा नयाँ योजना छनौट गरी सोकेसमा राखिनेछ।

**प्याकेज**

स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न चालु आर्थिक वर्षको आर्थिक ऐनले गरेका प्रावधानबाहेक लगानीकर्तालाई के-कस्ता सहुलियत प्याकेज के-कति दिन सकिन्छ भनेर सरकारले काम गरिरहेको छ।

लगानी सम्मेलनलाई लक्षित गरी उद्योग मन्त्रालयले द्विपक्षीय लगानी सम्झौता (बीआईए)सँग सम्बन्धित नयाँ प्रावधान तयार पारिरहेको छ ।रासस

# झापामा मकैको व्यावसायिक खेती बढ्दै



**झापा** । झापा गाउँपालिका जिल्लाको सबैभन्दा बढी मकैखेती हुने पालिकाका किसानले आकर्षक आम्दानी गर्न थालेपछि व्यावसायिक मकैखेती विस्तार गरेका छन् ।

झापा पालिकामा बर्सेनि मकैखेती गर्ने किसानको संख्या क्षेत्रमा बढिरहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतननाथ भण्डारीले बताउनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा जिल्लामा ४४ हजार दुई सय ५० हेक्टर जमिनमा मकैको व्यावसायिक खेती गरिएको थियोभने दुई लाख २५ हजार छ सय ७५ मेट्रिक टन उत्पादन भएको थियो। गत वर्ष केन्द्रले किसानलाई ब्लक, पकेट क्षेत्रमार्फत अनुदान उपलब्ध गराएर मकैखेतीको विस्तार गरेको थियो।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत पाँच सय हेक्टर जमिनमा झापा गाउँपालिका र कनकाई नगरपालिकामा मकै जोन कार्यक्रम सञ्चालन भइरहेको छ । झापा गाउँपालिकाले मकै, धान र तरकारीखेती गर्ने किसानलाई सिँचाइमा लाग्ने विद्युत् महसुलवापत ६० प्रतिशत रकम आफैँ भुक्तानी गर्दै आएको छ। यस पालिकाको सात हेक्टर जमिनमा उन्नत जातको मकैखेती हुँदै आएको पालिकाकी कार्यवाहक अध्यक्ष अञ्जु थपलियाले बताउनुभयो।

कार्यवाहक अध्यक्ष थपलियाले मकैको पकेट, ब्लक क्षेत्र घोषणा गरेर मकैको व्यावसायिक खेतीमा पालिकाले प्रवर्द्धन गरिरहेको बताउनुभयो। उहाँले कृषि शाखामार्फत किसानलाई मकैखेतीतर्फ आकर्षित गर्न आवश्यक मल, बीउ, मकै रोप्ने मेसिन, मकै छोडाउने मेसिन, स्प्रे ट्याङ्की, मकै सुकाउने झुल र सिँचाइका लागि मोटर अनुदानमा प्रदान गरिरहेको जानकारी दिनुभयो।

"पालिकाभित्र बाँझो जमिन देखिन छाडेको छ", उहाँले भन्नुभयो, "किसान उत्साहित छन् कतै मकै पाक्न थालेको छ कतै हुर्किरहेको देखिन्छ।" ज्ञान केन्द्रका सूचना अधिकारी भण्डारीले चालु आर्थिक वर्षमा गत वर्षको तुलनामा मकैखेतीको विस्तार भएको जानकारी दिनुभयो ।रासस

# चार अर्बभन्दा बढीको कारोबार



**काठमाण्डु** । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि भएको छ। नेप्से परिसूचक नौ दशमलव १९ अङ्कले बढेर दुई हजार ३६ दशमलव ०१ को बिन्दुमा कायम हुँदा रु चार अर्बभन्दा बढीको कारोबार भएको छ।

मंगलबार तीन सय १५ कम्पनीको ९७ लाख ८९ हजार चार सय १६ कित्ता शेयर ७२ हजार दुई सय ६१ पटक खरिदबिक्री हुँदा रु चार अर्ब १४ करोड ३७ लाख ८३ हजार नौ सय ८९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

मंगलबार होटल तथा पर्यटन समूह शून्य दशमलव ६८, उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४६ र लघुवित्त समूह एक दशमलव १४ प्रतिशतले घटेका छन् भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै वित्त समूह दुई दशमलव ७९ र अन्य समूह दुई दशमलव ४२ प्रतिशतले बढेको छ ।त्यसैगरी, बैंकिङ शून्य दशमलव ३२, विकास बैंक शून्य दशमलव ६७, जलविद्युत् शून्य दशमलव ७६, लगानी शून्य दशमलव ६९, जीवन बीमा शून्य दशमलव ४९, म्युचअल फन्ड शून्य दशमलव ५०, निर्जीवन बीमा एक र व्यापार समूह शून्य दशमलव ४० प्रतिशतले बढेको छ।

जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने नेपाल फाइनान्स लिमिटेड र पोखरा फाइनान्स लिमिटेडको शेयर मूल्य समान नौ दशमलव ९९ प्रतिशतले बढेको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु १८ करोड आठ लाख १० हजार नौ सय २० बराबरको तीन लाख ६१ हजार कित्ता शेयर किनबेच भएको छ ।रासस

# बजेट अभावमा योजना सुस्त

**महेन्द्रनगर** । नेपाल-भारत र चीनसित नाका जोड्ने योजनासहित निर्माणाधीन महाकाली करिडोरको काम बजेट अभावले सुस्त भएको छ।

कञ्चनपुरदेखि दार्चुलाको तिङ्करसम्म जोड्ने करिडोर अन्तर्गत साना र ठूला गरी २० खण्डमा ठेक्का लगाइ काम गरिएको थियो। महाकाली करिडोर दार्चुला तिङ्कर सडक योजना कार्यालयले बजेट अभावका कारण काम सकेर पनि रकम भुक्तानी गर्न नसकेको जनाएको छ। कार्यालयका प्रमुख लक्ष्मणदत्त जोशीले गत माघको अन्तिम सातादेखि बजेट अभावले काम प्रभावित भएको बताउनुभयो। चालु आर्थिक वर्षमा सरकारले विनियोजन गरेको रु २९ करोड ६५ लाख बजेट गत माघमै सकिएको प्रमुख जोशीले जानकारी दिनुभयो।

"गतवर्ष रु ४० करोड बजेट हुँदा पनि त्यो सकिने बित्तिकै तत्काल माथिबाट बजेट थप भएको थियो," उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा बजेट कम थियो, त्यसमाथि पनि बजेट माग गर्दा आएको छैन्।" उहाँले योजनाका लागि अर्थ मन्त्रालयमा बजेट माग गरिएको बताउनुभयो ।माघ महिनायता निर्माण कम्पनीहरुले काम गरेबापतको रु १६ करोड रकम भुक्तानी बाँकी रहेको प्रमुख जोशीले बताउनुभयो। उहाँले माथिबाट बजेट आउने सुनिश्चितता नभएको बताउनुभयो। तीन सय १३ किलोमिटर लम्बाइ रहेको महाकाली करिडोर अन्तर्गत दार्चुलाको तुसारपानीदेखि तिङ्करसम्मको ७९ किलोमिटर खण्ड नेपाली सेनाले निर्माण गरिरहेको छ।

त्यसैगरी दुइ सय ४५ किलोमिटर करिडोरको ट्र्याक खुलिसकेको प्रमुख जोशीले जानकारी दिनुभयो। "ट्र्याक खुलाउने, सडक स्तरोन्नती गर्ने र कालोपत्रे गर्ने कामहरु एकसाथ अघि बढेको छ," जोशीले भन्नुभयो, "कञ्चनपुरको ब्रह्मदेव क्षेत्रमा पर्ने ११ किलोमिटर ट्र्याक मात्रै खुलेको छ। त्यहाँ सडक चौडा गर्ने अरु संरचना निर्माण बाँकी छ। रासस

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गौर, रौतहट

**प्राङ्गारिक मल आपुर्तिका लागि सिलबन्दी सूचिकृत हुने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२८)

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम रहेको हुनाले योग्यता पुगेका ईजाजत प्रप्त संस्था, फर्म तथा कम्पनीबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजापत्र सहित मिति २०८१/०१/१२ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ। रीतपूर्वक समय भित्र प्राप्त सिलबन्दी प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। थप जनकारीको लागि https://akcrautahat.p2.gov.np मा सम्पर्क गर्न सकिनेछ। विस्तृत जानकारीको लागि ९८५५०२४००१, ०५५५२०००१ लाई सम्पर्क गर्न सकिनेछ।

नि.कार्यालय प्रमुख

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८०/१२/२८ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले लहान शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**ऋणी संस्थाको नाम : श्री जय हनुमान बहुमुखी सहकारी संस्था लि. ।**
**रजिष्टर्ड ठेगाना : मिर्चैया, सिरहा । दर्ता नंः रजि ०२/७५,(४८)०५२-०५३ ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) **नाम : राम प्रताप साह (अध्यक्ष जमानीकर्ता)**
बाबु : सत्य देव साह
बाजे : सरजुग साह
ना प्र नं. :४३०/१३७६
ठेगाना : सितापुर-८,सिराहा

२) **नाम : राज कुमार मण्डल (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : सुखेश्वर मण्डल
बाजे : मोहित मण्डल
ना.प्र.नं :१०३
ठेगाना : मिर्चैया-३,सिराहा

३) **नाम : राम एकवाल नायक (सचिव जमानीकर्ता)**
बाबु : राम जतन साह
बाजे : मिश्री साहु
ना.प्र.नं : १८९
ठेगाना : मलहनिया खोरी-५,सिराहा

४) **नाम : सुजित कुमार साह (कोषध्यक्ष जमानीकर्ता)**
बाबु : राम भरोस साह
बाजे : सत्यदेव साह
ना.प्र.नं :१११४
ठेगाना :सितापुर-८,सिराहा

५) **नाम : रामपुकार कामती (संचालक जमानीकर्ता)**
बाबु : व्रहमदेव कामैत
बाजे : दुखी कामैत
ना.प्र.नं : ७१९
ठेगाना : चन्द्रोदयपुर-९,सिराहा

६) **नाम : किशोरी यादव (संचालक जमानीकर्ता)**
बाबु : सिताई यादव
बाजे : बच्चा यादव
ना.प्र.नं : ४२९/१३७५
ठेगाना : सितापुर-७,सिराहा

७) **नाम : लक्ष्मण कुमार मण्डल (संचालक जमानीकर्ता)**
बाबु : विकु मण्डल, बाजे : अजब मण्डल, ना.प्र.नं :११८३०/१८२३, ठेगाना : रामनगर मिचैया-३,सिराहा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री रामरतन साहको नाति श्री कृष्ण कुमार महतोको छोरा सिराह जिल्ला मल्हनीया खोरी गा.वि.स. वडा नं. ६ बस्ने श्री विकास कुमार महतो को नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला मल्हनीया खोरी गा.वि.स. वडा नं. ३क को कित्ता नं.५१८ को क्षेत्रफल क्रमश ०-५-८-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# 'सभामुख घिमिरेको त्रुटिले संसद् बैठक अवरुद्ध'

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ जनता समाजवादी पार्टी नेपालका प्रतिनिधिसभा सदस्य राजकिशोर यादवले सभामुख देवराज घिमिरेको त्रुटिका कारण प्रतिनिधिसभाको बैठक चल्न नसकेको बताएका छन् ।



मंगलबार प्रतिनिधिसभाको बैठक स्थगित भएपछि संसद् भवनमा प्रतिनिधिसभा सदस्य यादवले संसद् बैठकमा सभामुख घिमिरेले त्रुटि गरेको आरोप लगाए। उनले संसद्मा विपक्षीहरूको कुरा सुन्ने वातावरण बनाउनुपर्ने भन्दै विपक्षी बोलिसकेपछि सत्ता पक्षका सांसदलाई बोल्न दिएकै कारण वातावरण बिथोलिएको बताए । संसद्को गरिमा घटाउने काम सभामुखबाटै भएको दाबी गरे ।

जवाफदेहिता सत्ताबाट हुनुपर्ने उनको भनाइ थियो । 'लोकतन्त्रमा जनताले प्रश्न गर्न पाउनुपर्छ भन्ने प्रश्न उठिसकेपछि त्यसको जवाफ दिनुपर्छ । लोकतन्त्रमा जवाफदेहिता नै सबैभन्दा ठूलो विषय हो । अहिले संसद्मा जुन परिदृश्य देखियो, सभामुखले यो परिस्थितिलाई मुकाबिला गर्नका लागि सर्वपक्षीय, सर्वदलीय सहमतीको वातावरण बनाउनुपर्थ्यो । प्रमुख प्रतिपक्षले संसद्मा कुरा राखिसकेपछि उहाँले अरुलाई बीचमा बोल्ने अवसर दिनु हुँदैन थियो जस्तो मलाई लागेको छ,' सांसद यादवले भने, 'उहाँले अर्कोलाई पनि समय दिनुभयो । एकप्रकारको टसल भयो । संसद्मा विपक्षीको कुरा सुन्ने वातावरण बनाउने भन्ने हुन्छ । यहाँ त साँढे जुधाई भयो । यसले संसद्को गरिमालाई घटाएको छ ।'

# दिनदहाडै हत्या गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा दिनदहाडै छुरा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।



जनकपुरधामस्थित विश्वकर्मा चोकमा छुरा प्रहार गरी २० वर्षीय प्रीन्स महासेठलाई हत्या गरेको अभियोगमा धनुषा प्रहरीले अजयकुमार साहलाई पक्राउ गरेको छ ।

धनुषाको सीमावर्ती क्षेत्र अवस्थित जटही नाकामा दुवैजनाको झगडा हुँदाको रिसीबीका कारण साहले महासेठलाई छुरा प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय धुनषाले जनाएको छ। पक्राउ परेका साहलाई प्रहरीले कर्तव्यज्यान मुद्दा अन्तर्गत अनुसन्धान गरिरहेको जनाइएको छ ।

# कोशी-कमला डाइभर्सन शीघ्र निर्माण गर्नु पर्ने: राष्ट्रपति पौडेल



**टुडे समाचारदाता**

राजविराज । राष्ट्रपति रामचन्द्र पौडेलले कोशी-कमला डाइभर्सन शीघ्र निर्माण गर्नु पर्नेमा जोड दिएका छन् ।

प्रसिद्ध शक्तिपीठ सप्तरीको छिन्नमस्ता भगवती मन्दिरमा मंगलबार विशेष पूजापछि आयोजित समारोहमा बोल्दै राष्ट्रपति पौडेलले तराइ मधेशमा कृषिको क्रान्ति हुने ठाउँ भए पनि सिँचाई अभावका कारण सुख्खा रहेको प्रति चिन्ता व्यक्त गरे । उनले कोशी र कमला डाइभर्सन छिटो भन्दा छिटो संचालन हुनु पर्ने आवश्यकता रहेको बताउँदै राष्ट्रपति पौडेलले यसबारे सरकारको ध्यानाकर्षण गराउने बताए ।

राष्ट्रपति पौडेललाई छिन्नमस्ता गाउँपालिकाको तर्फबाट गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले स्वागत अभिनन्दन गरेका थिए ।

राष्ट्रपति पौडेलले सप्तरी जिल्ला प्रजातन्त्रका लागि सचेत नागरिकहरुको बसोवासको रुपमा रहेको भन्दै उनले भारतीय स्वतन्त्रता आन्दोलनमा सप्तरीकै हनुमानगर जेलमा बन्दी बनाइएका भारतीय समाजवादी नेता जयप्रकाश नारायण, डा. राममनोहर लोहियालगायतलाई सप्तरीकै प्रजातन्त्रवादीहरुले जेल मुक्त गराएको स्मरण गरे ।

सप्तरी प्रजातन्त्रका लागि क्रान्तिभूमि रहे पनि विकासको मामलामा पछाडि परेको भन्दै उनले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको स्तरोन्नतिका साथै थप सेवा विस्तारका लागि सरकारसमक्ष आफूले कुरा राख्ने प्रतिबद्धता व्यक्त गरे ।

# स्थानीयको प्राथमिकता फोहरमैला बन्नुपर्छ : राजदूत लोरेन्जो

**टुडे समाचारदाता**

जलेश्वर । युरोपियन युनियनका राजदूत भेरोनिक लोरेन्जोलेवातावरणलाईमध्यनजर गर्दै फोहोरमैलालाई स्थानीयरुपमा उठाउनुपर्ने बताएकी छन् ।



बर्दिबासमा मंगलबार एक कार्यक्रममा बोल्दै राजदूत लोरेन्जोलेस्थानीयस्तरमावातावरणलाई केन्द्रित गर्दै प्राथमिकताको विषय फोहरमैला व्यवस्थापन हुनुपर्ने बताइन् ।

बर्दिबास नगरपालिकामा आयोजित कार्यक्रममा उनले वातावरण संरक्षण सबैको लागि प्राथमिकताको विषय बनेको बताइन् ।

नेपालका लागि जर्मन राजदूत थोमल प्रीन्जले बर्दिबास नगरपालिकाले फोहोरमैला व्यवस्थापन क्षेत्रमा गरिरहेको कामको बारेमा जिज्ञासा राखेका थिए । उनले फोहोरमैला व्यवस्थापनबारे बोल्दै वातावरणको विषयमा नीतिगत एकरूपता हुनुपर्ने धारणा राखे ।

स्वेडन मिसन उपप्रमुख क्रिस्टिएन क्यामिलले फोहोरमैला व्यवस्थापन विश्वव्यापी समस्या भएको बताए । उनले नीतिगत रूपमा स्पष्ट हुन नसके समाधान गर्न कठिन हुने बताउँदै फोहोर व्यवस्थापन बारेमा विश्व मान्यताको जानकारी लिएर काम गर्न सुझाए ।

बर्दिबास नगरपालिकाको उपमेयर तारादेवी महतोले नगरपालिकाले फोहोरमैला व्यवस्थापन क्षेत्रमा नीति निर्माणका लागि सहकार्य गरेर अघि बढ्ने बताइन् ।

# चैते दशैं: कलश यात्रामा घुइँचो

**टुडे समाचारदाता**

गौशाला । महोतरीको गौशाला स्थित कान्तिबजारमा चैते दशैंको पहिलो दिन कलश यात्रा निकालिएको छ । कान्तिबजार स्थित दुर्गा मन्दिरमा चैत शुक्ल अष्टमीमा मनाइने चैते दशैंको पहिलो दिन मंगलबार कलश यात्रा निकालिएको छ ।

कान्तिबजारबाट सुरु भएको यात्रा एघारनम्बर, सातनम्बर, लक्ष्मीनिया हुँदै रुपनीमा कलश भरी परडिया हुँदै कान्तिबजार आएर समापन भएको थियो ।

कान्तिबजारमा दुर्गा मन्दिर निर्माण भएपछि यहाँ वर्षेनि चैते दशैं भव्यताका साथ मनाइँदै आएको छ । कलश यात्रामा सहभागीहरुलाई स्थानीयहरुले जुस, पानी, सर्वत र अबीर लगाएर स्वागत गरेका थिए । गर्मीको समयमा खालिखुट्टा हिड्ने समस्या हुने भएर सडक पानीले भिजाइएको थियो । असुर शक्तिमाथि दैवीशक्तिको विजय तथा असत्यमाथि सत्यको विजयका रूपमा लिइने दशैं हिन्दु धर्मावलम्बीहरूले वर्षमा दुइ पटक मनाउने गर्दछन् । असोजमा मनाइँने दशैंलाई बडादशैंको रूपमा मनाइन्छ भने चैत शुक्ल अष्टमीमा मनाइँने दशैंलाई चैते दशैं भनिन्छ । चैते



दशैं पर्वको अवसरमा देवी मन्दिर तथा घरघरमा दुर्गा सप्तशती, देवी भागवत कालिकापुराण लगायत देवी महिमायुक्त ग्रन्थको वाचन गर्ने गरिन्छ । एक वर्षमा चैत र असोज महिनामा गरी दुई पटक पुज्ने दुर्गा पूजाको हिन्दु धर्म शास्त्रहरूमा विशेष महत्व रहेको छ । वसन्तीय नवरात्रको आठौं दिन धुमधामका साथ देशभर चैतेदशैं पर्व मनाउने चलन छ । यो शारदीय नवरात्रपछिको सबैभन्दा ठूलो दशैं हो ।

संस्कृतिविद्हरुका अनुसार मध्यकालीन नेपालमा चार किमिसका दशैं धुमधामका साथ मनाउने गरिन्थ्यो । यी दशैंहरूमध्ये अहिले प्रचलनमा शारदीय र वसन्तीय नवरात्रमात्र छन् । आषाढ शुक्लमा मनाइने ग्रीष्मकालीन नवरात्र र माघ शुक्लमा मनाइने शिशिरकालीन नवरात्र विलुप्तप्रायः छन् । राष्ट्रिय अभिलेखालयमा रहेका पुष्पिका वाक्यहरूमा शारदीय नवरात्र, ग्रीष्मकालीन नवरात्र, वसन्तीय नवरात्र र शिशिरकालीन नवरात्र र त्यसक्रममा भएका विभिन्न गतिविधिको उल्लेख छ ।

## चैते दशैं सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । चैते दशैं मंगलबारदेखि सुरु भएको छ। चैत्र शुक्ल अष्टमी र नवमीलाई भने देशभर विशेष रुपमा मनाइँने गरिन्छ । अष्टमीलाई चैते दशैं र नवमीलाई रामनवमी पर्वको रुपमा मनाउने गरिएको छ ।

नवरात्र सुरु भएको अवसरमा मंगलबार बिहानैदेखि जनकपुरधामसहित देशभरका शक्तिपीठमा भक्तजनको भीड लागेको थियो ।

नवरात्रका अवसरमा शक्तिपीठमा गई पूजाआजा एवं दर्शन गरेमा शक्ति प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

# लागूऔषध गाँजासहित पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सप्तकोशी नदीबाट डुंगामा राखेर भारततर्फ तस्करी गर्दै आएका एकजनालाई प्रहरी पक्राउ गरेको छ।

सप्तरी प्रहरीले डुंगामा राखेर भाग्ने क्रममा पाँच किलो गाँजासहित हनुमाननगर कंकालिनी नगरपालिका-१ का ललकु सदालाई पक्राउ गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाए अनुसार आरोपित सदालाई प्लाष्टिक टेपले प्याक गरेको पाँच किलो गाँजा नाइलनको झोलामा राखेर कोशी ब्यारेजमा डुंगामा हालेर भाग्न लाग्दाको अवस्थामा पक्राउ गरेको जनाएको छ।

यसअघि पनि कोशी ब्यारेज क्षेत्रबाट प्रहरीले पटक-पटक गाँजा बरामद गर्दै आएको थियो । पहाडी जिल्लाहरुबाट गाँजा ल्याएर कोशी ब्यारेजमा भण्डारण गरिने र कोशी नदी हुँदै डुंगाको माध्यमबाट भारततर्फ तस्करी गर्दै आएको खुलेको छ।

त्यस्तै प्रहरीले यात्रुबाहक म्याजिक भ्यानबाट पनि पाँच सय ग्राम गाँजासहित एकजनालाई पक्राउ गरेको छ । गाइघाटतर्फ जाने सडक अन्तर्गत सुरुंगा नगरपालिका-४ स्थित कदमाहा चोकमा इलाका प्रहरी कार्यालय कडोरवनाबाट खटिएको प्रहरी टोलीले स १ ज ५५१ नम्बरको म्याजिक भ्यान रोकेर चेकजाँच गर्दा उदयपुर भलायोडाडा-७ कोल्टेवास टोलका बिशाल खपांगीले बोकेको रातो रंगको झोलामा रहेको पाँचसय ग्राम गाँजा फेला परेको मधेश प्रदेश प्रहरीले जनाएको छ।

गाँजासहित आरोपित खपांगीलाई प्रहरीले पक्राउ गरेको छ।

# गृहमन्त्री जनकपुरधाममा

**टुडे समाचारदाता**

जनकपुरधाम । उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने जनकपुरधाममा प्रदेशस्तरीय सुरक्षा सम्बन्धी हुने बैठकमा सहभागी हुने भएका छन् ।

मंगलबार नै जनकपुरधाम आइपुगेका उपप्रधान तथा गृहमन्त्री लामिछाने मधेश प्रदेशमा हुन लागेको सुरक्षा समन्वय समितिको बैठकमा सहभागी हुने कार्यक्रम रहेको जनाइएको छ ।

उनी उपप्रधान तथा गृहमन्त्री भएपछि पहिलो पटक जनकपुरधाम आइपुगेका हुन् ।

मधेश प्रदेशको सुरक्षा अवस्था र व्यवस्थाबारे उपप्रधान तथा गृहमन्त्री लामिछानेले अनौपचारिकरुपमा विभिन्न सरोकारवालहरुसंग जानकारी लिइरहेको जनाइएको छ।



जनकपुरधामस्थितएकहोटेलमा हुने प्रदेशस्तरीय सुरक्षासम्बन्धी बैठकमा मधेश प्रदेशका मुख्यमन्त्री, गृह, कानुन तथा सञ्चारमन्त्री, आठ वटै जिल्लाका सुरक्षानिकायका पदाधिकारी, प्रदेशका सुरक्षानिकायका पदाधिकारी, आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय अनुसन्धान प्रमुखलगायतकाहरुको सहभागिता रहने जनाइएको छ ।

# आँखा अस्पताललाई ज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम। जानकी आँखा अस्पताललाई भ्रष्टाचारीको अखाडा बन्न नदिनका लागि ज्ञापनपत्र बुझाइएको छ ।

जानकी आँखा अस्पताल सुधार संघर्ष समितिले विभिन्न माग राख्दै ज्ञापन पत्र बुझाएको छ । सुविधा सम्पन्न आँखा अस्पतालको रुपमा रहेको जानकी आँखा अस्पताललाई भ्रष्टाचारको अखाडा बन्न नदिन र यसको सुधारको लागि माग गर्दै आफूहरुले ज्ञापन पत्र बुझाएको संघर्ष समितिका संयोजक श्यामसुन्दर झाले जानकारी दिए ।

सो संघर्ष समितिले बुझाएको ज्ञापन पत्रमा विभिन्न १४ बुँदे माग अघि सारेको छ ।

२०७५ संशोधित विधान २०७७ अनुसार ९ सदस्यीय व्यवस्थापन समिति गठन हुनुपर्ने, जानकी आँखा अस्पताल हाल सम्म नेपाल सरकारको कुनै पनि निकायमा दर्ता नभएकाले संस्था अविलम्ब दर्ता हुनुपर्ने, रिक्त स्थानको



पदपूर्ति गर्दा खुल्ला विज्ञापनद्वारा हुनुपर्ने, अस्पतालको उपयोगका लागि खरिद गर्नुपर्ने औषधि, चश्मा तथा अन्य सामग्री खरिद गर्दा खुल्ला प्रक्रियाद्वारा व्यवस्थित गर्नुपर्ने, अस्पताल आउने विरामी स्वतन्त्र रुपमा औषधि तथा चश्मा खरिद गर्न पाउनु पर्ने, तत्कालीन सभापति विनोद शर्माको कार्यकाल र सघर्ष समिति तथा अस्पताल समिति पदाधिकारीबीच भएको सहमति अनुसार अस्पतालसंग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति मध्ये दुईजनालाई सदस्यको रुपमा राख्ने निर्णय अनुसार कार्यन्वयन हुनुपर्ने लगायतका मागहरु ज्ञापन पत्रमा उल्लेख छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८